कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# माउन्टेन हाइड्रो नेपाल लिमिटेड
# Mountain Hydro Nepal Limited

रजिष्टर्ड कार्यालयः ताहाचल, काठमाण्डौ, नेपाल
फोन न. ४६७२४४२ फ्याक्स नं. ४६७२४४२
इमेलः mountainhydronepal@gmail.com वेभसाइटः www.mountainhydronepal.com

को

# विवरणपत्र

(धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूँजी रु.१,२५,००,००,०००/–(अक्षरेपी एक अर्व पच्चिस करोड मात्र) मध्ये १०% अर्थात रु.१२,५०,००,०००/– (अक्षरेपी बाह्र करोड पचास लाख मात्र) रकम बराबरको र आयोजना प्रभावित क्षेत्रका लागि निष्काशन गरिएको रु.१२,५०,००,००० बराबरको प्रति शेयर रु.१००।- अंकित दरको १२,५०,००० कित्ता मध्ये ६,८३,८९० कित्ता मात्र आवेदन परेकोले बाँकी/बिक्री नभएको रु. ५,६६,११,०००/-बराबरको प्रति शेयर रु.१००।- अंकित दरको ५,६६,११० कित्ता गरी जम्मा रकम रु. १८,१६,११,००० /- रकम बराबर प्रति शेयर रु.१००।– अङ्कित दरका १८,१६,११० कित्ता मध्ये ३६,३२२ कित्ता (२ प्रतिशत) शेयर कर्मचारीहरुलाई र ९०,८०६ कित्ता (५ प्रतिशत) शेयर धितोपत्र सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी १६,८८,९८२ कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सर्वसाधारणमा निष्काशन

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**नेटवर्थ सम्वन्धि विवरण**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.९८ | ९३.९१ | ९३.७५ | ९५.९७ | ९६.९८ | ९७.९८ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | (१.३१) | (६.१४) | २.२८ | ३.६३ |

**प्रति मेगावाट लागत सम्वन्धि विवरण**

आयोजनाको कुल लागतः रु ४,२८१,७०६,८३१।०० प्रति मेगावाट लागत रु १९८,२२७,१६८।१०/-(अक्षेरेपी रु उन्नाइस करोड ८२ लाख २७ हजार १ सय ६८ रुपैया १० पैसा रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धि विवरण**

विद्युत विकास विभागबाट मिति २०७०।०४।०९ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त भएको छ। उक्त विद्युत उत्पादन अनुमति २१०५।०४।०८ सम्म वहाल रहेकोले ३० वर्ष बाँकी रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धि विवरण**

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८।२७ र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १०.७२ वर्ष रहेको छ।

**लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ।

**नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्रसम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेकोछ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि. बाट मिति २०७५।११।१० मा "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त प्रमाणपत्र मिति २०७६।११।०९ गते सम्म कायम रहने छ। **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा कम (Below Average Fundamental) आधारहरु जनाउँदछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ३.२२ (प) मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृति प्राप्त मिति २०७५/११/०१
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति २०७५/११/०३ धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७५/११/२३
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/११/२८ धितोपत्र निष्काशन बन्द हुने मिति(अन्तिम) : २०७५/१२/२२

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**
पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेलः scl@siddharthacapital.com
वेव साइटः www.siddharthacapital.com

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं सम्झनु पर्दछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी माउन्टेन हाइड्रो नेपाल लिमिटेड सम्झनु पर्दछ ।

ङ) "संस्थापक संगठित संस्था" भन्नाले माउन्टेन हाइड्रो नेपाल लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनुपर्छ ।

च) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई सम्झनु पर्दछ ।

छ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

ज) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ ।

झ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

ञ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले माउन्टेन हाइड्रो नेपाल लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणहरु समेत जनाउँदछ ।

**ग. २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरु:**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।

२. माउन्टेन हाइड्रो नेपाल लिमिटेडको रजिस्टर्ड कार्यालय ताहाचल, काठमाडौं ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mountainhydronepal.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम तथा विवरणपत्र प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस माउन्टेन हाइड्रो नेपाल लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग आदी) को सावजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त २०७४।११।०७ को पत्रानुसार मा आ.व. २०७५।०७६ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्रसम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम :** माउन्टेन हाइड्रो नेपाल लिमिटेड **(Mountain Hydro Nepal Limited)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.१३, ताहाचल, काठमाडौंमा रहेकोछ । आवश्यकतानुसार स्वीकृती लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का.म.न.पा. वडा नं.१३, ताहाचल, काठमाडौं र आयोजना स्थल पाचथर जिल्ला फिदिम नगरपालिका वडा नं. ४ र ११ मा अवस्थित रहेकोछ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले माउण्टेट हाइड्रो नेपाल प्रा.लि. को मिति २०६२।०३।२८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७३।०२।३२ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि. बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा माउन्टेन हाइड्रो नेपाल लिमिटेडको को रुपमा दर्ता अभिलेख भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(२) विद्युत विकास विभागबाट तल्लो हेवा जलविद्युत आयोजना (९.५ मेगावाट) मार्फत विद्युत उत्पादनको लागि विद्युत उत्पादन अनुमतिपत्र मिति २०७०।०४।०९ मा विद्युत विकास विभागबाट प्राप्त भएकोमा सो संशोधन भई विद्युत विकास विभागबाट संगठित संस्थाको परियोजना तल्लो हेवा खोला जलविद्युत आयोजना (२१.६) मार्फत विद्युत उत्पादनको लागि मिति २०७०।१२।२१ मा संशोधित अनुमति पत्र प्राप्त भएको । विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७०।०४।०९ देखि २१०५।०४।०८ सम्म रहनेछ ।

(३) संगठित संस्थाको तल्लो हेवाखोला जलविद्युत आयोजनाको १३२ के.भी विद्युत प्रसारण लाइन आयोजनाको लागि उर्जा मन्त्रालय विद्युत विकास विभागबाट प्राप्त मिति २०७४।०२।०२ देखि २०९९।०२।०१ सम्म वहाल रहने गरि अनुमतिपत्र प्राप्त गरेकोछ । साथै हाल कायम रहेको विद्युत अनुमति २०९९।०२।०१ सम्म रहेकोमा सो मिति सम्ममा विद्युत प्रसारण अनुमति थप गरिने छ ।

(४) पाँचथर जिल्लाको फिदिम न.पा.मा निर्माणाधिन २१.६ मेगावाट क्षमताको तल्लो हेवा खोला जलविद्युत आयोजनाको विद्युत गृह/स्वीचयार्ड देखि सोही जिल्लाको फिदिम न.पा. स्थित न.वि.प्रा.को निर्माणाधिन कावेली कोरिडोर १३२ के.भि. प्रसारण लाइनको थापाटार सवस्टेसन सम्म विद्युत प्रसारण लाइन मार्फत विद्युत आपूर्ति हुनेछ ।

(५) संगठित संस्थाको तल्लो हेवा खोला जलविद्युत आयोजना (२१.६ मेगावाट) रहेको छ । उक्त आयोजनाहरुको प्रमुख पानीको स्रोत पाँचथर जिल्लाको भारपा, नागीन र फिदिम गाविसहरुको सिमाना भएर वहने हेवा खोलाको पानी रहेको छ ।

(६) कम्पनीमा हाल २८ जना संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ८० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरु लाई निष्काशन गरिएको मा सम्पुर्ण कित्ताको आवेदन नपरेकोले प्राप्त आवेदकहरुलाई बाँडफाँड गरी बाँकी कित्ता सर्वसाधारणको लागि निष्काशन गरिने शेयरमा थप गरिएको । सर्वसाधारणको लागि छुट्टाइएको १० प्रतिशत र आयोजना प्रभावित क्षेत्रका बासीन्दाहरुलाई बाँडफाँड गरी बिक्री नभएको शेयर सर्वसाधारणमा समाबेश गरी सर्वसाधारण शेयरधनीहरुको लागि बांडफांड गर्ने व्यवस्था गरिएको ।

(७) संगठित संस्थाको तल्लो खोला जलविद्युत आयोजना (२१.६ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद विक्रीको लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७१।०४।०९ मा सम्झौता भएको । उक्त सम्झौताको समयावधी व्यापारिक उत्पादन शुरु हुने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्रको अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

(८) संगठित संस्थाको तल्लो हेवाखोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

**विद्युत परियोजनाको नामः** तल्लो हेवा खोला जलविद्युत आयोजना

**आयोजना स्थलः** फिदिम नगरपालिका पाँचथर । आयोजनाको सम्पूर्ण संरचना पाँचथर जिल्लाको भारपा, नागिन र फिदिम गाविसहरु पर्दछन् ।

**श्रोत नदीः** हेवा खोला र फेमे खोलाको पानी ।

**आयोजनाको किसिम :** रन अफ रिभर

**विद्युत उत्पादन अनुमति प्राप्त मितिः** २०७०।०४।०९

**विद्युत उत्पादन अनुमति वहाल रहने मितिः** २१०५।०४।०८

**जडित क्षमताः** २१.६ मेगावाट

**आयोजनाको कुल लागतः** रु ४,२८१,७०६,८३१।००

**आयोजनाको प्रति मेगावाट लागतः** रु १९८,२२७,१६८।१०/-

**आयोजनाको साधारण लगानी फिर्ता हुने अवधिः** ८।२७ वर्ष

**आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधिः** १०।७२ वर्ष

(९) आयोजनाको औसत ९८ प्रतिशत कार्य सम्पन्न भैसकेको छ जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| विवरण | कार्य प्रगति | कार्य प्रगति (प्रतिशतमा) |
|---|---|---|
| १. वित्तिय व्यवस्थापन | सम्पन्न | १०० |
| २. आधारभुत संरचनाहरु | | |
| (क) आवास गृह निर्माण | सम्पन्न | १०० |
| (ख) पहुँच सडक निर्माण | सम्पन्न | १०० |
| (ग) आयोजना क्षेत्रमा प्रसारण लाइनका लागि कन्सट्रक्सन पावर | सम्पन्न | १०० |
| (घ) विस्तृत इन्जिनियरीङ्ग डिजाइन | सम्पन्न | १०० |
| ३. सिभिल निर्माण कार्य | | ९९ |
| ४. हाइड्रो मेकानिकल संरचना निर्माण कार्य | | ९८ |
| ५. मेशिन तथा अन्य उपकरणहरु | | |
| (क) प्रतित पत्र | सम्पन्न | १०० |
| (ख) मेशिन तथा अन्य उपकरणहरु आयात | सम्पन्न | ९९ |
| (ग) मेशिन तथा अन्य उपकरणहरु जडान | निर्माणाधिन | ७५ |
| ६. प्रशारण लाइन | | |
| (क) १३२ के.भी. प्रशारण लाईन | निर्माणाधिन | ९९ |
| ७. व्यापारिक उत्पादन मिति | २०७५।०६।२४ | |

यस कम्पनीको व्यापारिक उत्पादन मिति २०७५।०६।२४ रहेकोमा सो मितिमा आयोजनाको कार्य सम्पन्न भईनसकेको र २०७५।१०।३० गते सम्म म्याद थपको लागि कम्पनी द्धारा नेपाल विद्युत प्राविधिकरणमा निवेदन पेश गरिएको छ । साथै आयोजना द्धारा उत्पादित विद्युत जडान गर्ने काबेलि कोरीडोर समेत तयार भई सकेको कारणले आयोजनाको कार्य पनि सोही बमोजिम सम्पन्न गर्दै आएकोले पटक पटक व्यापारीक उत्पादन मिति थप गरिदै आएको हो । यसरी पटक पटक व्यापारीक उत्पादन मिति थप गरिदै जादा लागतमा थप रु ४१ करोड २० लाखले थप हुन गई आयोजनाको लागतमा बृद्धि हुनेछ।

**तल्लो हेवाखोला जलविद्युत आयोजना बाट उत्पादत हुने विद्युत खरीद विक्रीको लागि संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन्।**

(१) विद्युत खरीद दर "सूचिकृत दर

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कामय भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि)** | सुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रती युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म रु.प्रती युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १२ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्य बृद्धि दिई कायम गरिनेछ।

क) RCOD को तुलनामा COD ५ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिइनेछ।

ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यवृद्धि दिइनेछैन ।

(२) प्रधिकरणले प्रत्येक महिना आयोजना बाट कन्ट्रयाक्ट इनर्जीको परिणम सम्मको Availability Declearation अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राभिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(३) कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearation को आधाामा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महीना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्तिगर्नुपर्नेछ । प्राधिकरणको कारण वा क्अजभमगभि इगतबनभ वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतीपूर्ती स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ ।

क्षतिपूर्ति रकम रु

= (0.8*सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा ( साही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा ) * सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिददर

यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिनेछ । क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

(क) देशका विभिन्न भागमा जल उत्पादन गर्नका लागि गर्नुपर्ने आवश्यक निर्माण विकासका कार्यहरु गरी जलविद्युत उत्पादन गर्ने ।

(ख) जलविद्युत उत्पादनको लागि अन्य कम्पनी संस्थापना गरि जल विद्युत उत्पादनमा सहयोगि भुमिका निर्वाह गर्ने ।

(ग) उत्पादन गरिएको विद्युत विक्री वितरण र प्रसारण गर्ने ।

(घ) उत्पादन गरिएको विद्युतको प्रसारण गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने ।

(ङ) जलविद्युत उत्पादन तथा प्रशारण गर्न आवश्यक सर्बेक्षण कार्य गर्ने ।

(च) उपरोक्त उद्योग स्थापना गरी त्यसबाट स्थानीय स्तरमा रोजगारी सृजना गर्ने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

सहायक कम्पनीको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **सहायक कम्पनीको नाम** | **संक्षिप्त इतिहास** | **मुख्य उद्देश्यहरु** | **लगानीको अंश** |
|---|---|---|---|---|
| १ | माउन्टेन हाइड्रो इन्भेष्टमेण्ट प्रा.लि. | कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१।१२।१० मा दर्ता (दर्ता नं. १३३८३३/०७१/०७२ भई प्रा.लि.को रुपमा स्थापित कम्पनी हो । | १) हाइड्रोपावर निर्माण प्रवर्द्धन तथा लगानी गर्ने । | १०० प्रतिशत (५ लाख कित्ता) |

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** पाँचथर जिल्लाको नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न डाइभर्सन बाँध, ग्रस हेड, डिस्यान्डिङ बेसिन, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, विद्युतगृह, फ्रान्सिस टर्वाइन, जेनेरेटर जस्ता प्रविधिहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले नेपालको मेची अञ्चलको पाँचथर जिल्लामा बहने हेवा खोला र फेमे खोलाको पानी उपयोग गरी उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणसंग सम्झौता भए अनुसार बिक्री गरि नेपाल भर बिक्री वितरण गर्न सक्नेछ । तसर्थ कम्पनीको प्रमुख बजार नेपाल भर रहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने । कम्पनीले हेवाखोलाको पानी उपयोग गरी जलविद्युत आयोजनाको निर्माण पश्चात थप आयोजनाहरुको पहिचान तथा निर्माणका लागि अध्ययन गर्नेछ । कम्पनीले विद्युत व्यापारका निमित्त आवश्यक निती तर्जुमागर्न सरकार समक्ष निवेदन गर्ने नयाँ कम्पनी स्थापना गरि विद्युत व्यापारमा जोड दिने लक्ष्य राखेको छ । नेपाल सरकारले निर्माण गरेका सिंचाई नहरहरुमा जलविद्युत आयोजना निर्माण गर्न सकिने हुँदा सो क्षेत्रमा अध्ययन गरी विद्युत उत्पादनका लागि आवश्यक कार्यहरु गर्नेछ । साथै कम्पनीले जलविद्युत उर्जा बाहेक सौर्य उर्जा तथा वायु उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरि विद्युत उपादन गर्ने लक्ष्य राखेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**तल्लो हेवा खोला जलविद्युत अयोजनोको जम्मा उत्पादन क्षमता २१.६ मेघावाट रहेको र सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत आपुर्ति गरिनेछ । उत्पादीत विद्युतलाई फिदिम न.पा. स्थित ने.वि.प्रा.को निर्माणाधिन कावेली कोरिडोर १३२ के.भि. प्रसारण लाइनको थापाटार सवस्टेसन सम्म ३.२६६ बसबारमा कनेक्सन हुने गरी वितरण व्यवस्था मिलाउने सम्वन्धि कार्यको लागि प्रकृया अगाडी बढेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** मेची अञ्चलको पाँचथर जिल्लाको भारपा, नागीन र फिदिम सिमाना भएर बहने हेवा खोला र फेमे खोलाको पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न जेनेरेटर, टर्वाइन, विद्युत गृह, सर्ज टैंक, हेडरेस सुरुङ, डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, ग्रस हेड जस्ता उपयुक्त प्रविधिहरुको प्रयोग गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :** लागु नहुने।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विगत १२ महिनाको अवधिमा संगठित संस्थाको संचालनमा असर पर्ने गरी कुनै वाधा व्यवधान नरहेको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीको कुल विद्युत उत्पादन क्षमता २१.६ मेगावाट रहेकोहुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र विद्युतको हाहाकार भएको बर्तमान अवस्थामा उत्पादन गर्न सकेमा ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा वजारको समस्या रहेको छैन । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति सम्झौता गरी अग्रीम बिक्री हुनेहुँदा नेपाली लगानीकर्ताको लागी यो आयोजना लाभदायक र उपयुक्त क्षेत्र हो ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**
हिमाल हाइड्रो एण्ड जेनेरल कन्स्ट्रक्सन लिमिटेड, ललितपुर नेपालले परियोजनाको सिभिल संरचना सम्वन्धि कार्य रु १,९४,५९,११,६२३ (कर वाहेक) मा सम्पन्न गर्ने गरि गरेको छ भने भोइथ हाइड्रो प्रा.लि., इण्डिया ले संगठित संस्थाको परियोजनामा इलेक्ट्रोमेकानिकल इक्विप्मेण्टस नेपाली रु ४७,२४,४२,५०० (कर वाहेक) मा सप्लाई गर्ने गरि सम्झौता गरेको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** माउण्टेट हाइड्रो पावर लिमिटेड अन्तरगत संचाचित तल्लो हेवा खोला जलविद्युत आयोजना संचालनमा रहेका छन् । उक्त आयोजनाको संरचनाहरु मेची अञ्चल, पाँचथर जिल्लामा मा रहेका छन् । कम्पनीको सम्पत्तिको विवरण देहाय अनुसार रहेको छ ।

| विवरण | २०७५ अषाढ सम्मको जम्मा | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|
| **ह्रासकट्टी नहुने सम्पत्ति** | | | |
| जग्गा | ६७,१३७,३१५ | मेची अञ्चल, पाँचथर जिल्ला नगिन, फिदिम र भारपा गा.वि.स | नगिन, फिदिम र भारपा अवस्थित सम्पूर्ण जग्गा खरिद गरी प्राप्त भएको |
| **समुह क** | | | |
| घर तथा अफिस संरचना | | रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौ र आयोजना स्थल मेची अञ्चल, पाँचथर जिल्ला | निर्माण सम्वन्धि कार्य सम्पन्न भैसकेको र सम्पूर्ण रकम भुक्तान भैसकेको । |
| **समुह ख** | | | |
| फर्निचर | १,७६९,२४२ | रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौ र आयोजना स्थल मेची अञ्चल, पाँचथर जिल्ला | सम्पूर्ण फर्निचर प्राप्त भैसकेको । सम्पूर्ण फर्निचरहरु हाल चालु अवस्थामा रहेको । |
| अफिस इक्युपमेण्ट | १,३३६,९३७ | रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौ र आयोजना स्थल मेची अञ्चल, पाँचथर जिल्ला | सम्पूर्ण अफिस इक्युपमेण्ट प्राप्त भैसकेको र उक्त इक्विपमेण्टहरु हाल संचालनमा रहेको । |
| **समुह ग** | | | |
| सवारी साधन | ३५,०७०,००० | रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौ र आयोजना स्थल मेची अञ्चल, पाँचथर जिल्ला | सम्पूर्ण सवारी साधनहरु खरिद भई प्राप्त भैसकेको र उक्त सम्पूर्ण सवारी साधनहरु हाल सञ्चालनमा रहीरहेको । |
| **समुह घ** | | | |
| प्लाण्ट एण्ड मेसिनरी (हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल इक्विपमेण्ट) तथा अन्य सम्पत्ति | २,७८९,७३४ | मेची अञ्चल, पाँचथर जिल्ला | आयात भई परियोजना निर्माण स्थलमा पुगीसकेको र जडान सम्पन्न हुन बाँकी । |
| **जम्मा** | **१०८,१०३,२२८** | | |
| **(परियोजना निर्माण लागत (IAUD)** | **३,५३४,६९२,१८९** | मेची अञ्चल, पाँचथर जिल्ला | निर्माण कार्य भैरहेको । |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**
माथि उल्लेखित आयोजनाको भौतिक संरचना एवं सम्पत्ति कम्पनीको आफ्नै सम्पत्ति रहेको र जम्मा जग्गा १४५-०-२-० रोपनी मध्ये यस कम्पनीको नाममा ७०-५-१-२ रोपनी जग्गा यसै कम्पनीको नाममा रहेको छ । आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागी यस कम्पनीको सहायक कम्पनी श्री माउन्टेन हाइड्रो इनभेष्टमेण्ट प्रा.लि. को नाममा ७४ रोपनि ११ आना १ पैसा २ दाम जग्गा खरिद गरि उक्त कम्पनीले यस संगठित संस्थालाई भोगाधिकारको रुपमा उपलब्ध गराएको र सो वापत यस संगठित संस्थाले उक्त सहायक कम्पनीलाई कुनै पनि रकम भुक्तानी प्रदान नगरेको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : माउन्टेन हाइड्रो नेपाल लि. अन्तर्गतको आयोजना संचालनका लागि प्राइम कमर्सियल बैंक लिमिटेडको प्रमुखत्वमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेण्ट डेभलपमेण्ट कम्पनी लिमिटेड, कैलाश विकास बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड, प्रभु बैंक लिमिटेड, जनता बैंक नेपाल लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, मेगा बैंक नेपाल लिमिटेड, सेन्चुरि कमर्शियल बैंक लिमिटेडको नाममा माउन्टेन हाइड्रो नेपालको नाममा रहेको देहाय अनुसार जग्गा धितो वन्धकबाट मालपोत कार्यालय पाँचथरमा रोक्का रहेको छ ।

| सि.नं. | गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी |
|---|---|---|---|---|
| १ | नागिन | ५ ज<br>८ घ | १<br>१,२ | ६-१५-३-०<br>४-६-०-०  ५-१२-३-० |
| २ | फिदिम | ६ क<br><br>७ क | १७०<br>३१, ३३, ३५<br>३६, ३२, ३४<br>१२३, १२५<br>१२६, १०६ | १-२-०-०<br>४-१-०-२  ०-९-१-३  ५-१५-०-०<br>२-८-३-३  ०-९-३-०  ३-४-१-२<br>१०-०-०-०  १-१०-२-०<br>०-७-०-०  ४-०-२-० |
| ३ | भारपा | ७ ग | १३ | १८-१४-१-० |

माउण्टेन हाइड्रो नेपालको सहायक कम्पनी माउन्टेन हाइड्रो इन्भेष्टमेण्ट प्रा.लि.को नाममा पाँचथर स्थित देहायका गा.वि.स.हरुमा रहेका देहाय बमोजिमका जग्गाहरु समेत मालपोत कार्यालय पाँचथरमा रोक्का रहेको छ ।

| सि.नं. | गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी |
|---|---|---|---|---|
| १ | भारपा | ८ छ | १३० | १५-९-१-२ |
| २ | नागिन | ५ त | ६,७,८ | ८-३-३-३  ९-१०-३-२  ९-१०-३-२ |
| ३ | फिदिम | ७ क | १९,२०,२५<br>२६,२७,२९ | २-१४-२-१  ३-५-२-०  १-४-३-३<br>१-१२-२-२  २-११-३-३  १-१४-२-१ |

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पतीहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : कम्पनीको सम्पुर्ण सम्पत्तिहरु ऐतीहासिक लागत मुल्यमा मुल्यांकन गरिएको छ ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोछ ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भावयता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केही हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेकोछ ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यबसायको भविष्य:**
देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठूलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

कम्पनीको नियमावली को नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

## ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पुँजी :** कम्पनीको अधिकृत पूँजी रु.१,२५,००,००,०००/–(अक्षरेपी एक अर्व पच्चिस करोड रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले १,२५,००,००० (एक करोड पच्चिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजी :** कम्पनीको जारी पूँजी रु.१,२५,००,००,०००/–(अक्षरेपी एक अर्व पच्चिस करोड रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले १,२५,००,००० (एक करोड पच्चिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजी :** कम्पनीको चुक्ता पूँजी रु.१,०६,८३,८९,०००/–(अक्षरेपी एक अर्व छ करोड त्रियासी लाख उनान्नब्बे हजार रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले १,०६,८३,८९० ( एक करोड छ लाख त्रियासी हजार आठ सय नब्बे ) थान शेयरमा बिभाजन गरिएको छ । सर्वसाधारणको निमित्त छुट्टाइएको रु.१२,५०,००,०००/-(अक्षरेपी बाह्र करोड पचास लाख) र उद्योग प्रभावित क्षेत्रबाट बिक्री नभएको रु. ५,६६,११,०००/–(पाँच करोड छैसट्ठी लाख एघार हजार मात्र) गरी जम्मा रु.१८,१६,११,००० /-(अठार करोड सोह्र लाख एघार हजार मात्र) बांडफांड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,२५,००,००,०००/–( अक्षरेपी एक अर्व पच्चिस करोड रुपैंया ) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| क्र.सं | विवरण | आ.व.२०७१/२०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ |
|---|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | ९०,००,००,००० | १,२५,००,००,००० | १,२५,००,००,००० | १,२५,००,००,००० |
| २. | जारी पूँजी | ९०,००,००,००० | १,२५,००,००,००० | १,२५,००,००,००० | १,२५,००,००,००० |
| ३. | चुक्ता पूँजी | ४२,७५,१०,००० | ७३,३०,३५,००० | १,००,००,००,००० | १,००,००,००,००० |

*(नोट : प्रभावित क्षेत्रबाट बिक्री भएका शेयर बांडफांड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,०६,८३,८९,०००/–( अक्षरेपी एक अर्व छ करोड त्रियासी लाख उनान्नब्बे हजार रुपैया) रहेकोछ )

**(ख) निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**
कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र.सं. | शेयरधनीहरु | समुह | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | क | १,००,००,००० | १,००,००,००,०००/- | ८०% | शतप्रतिशत |
| २. | आयोजना प्रभावित पाँचथर जिल्लाका स्थानीय वासिन्दा | ख | ६,८३,८९० | ६,८३,८९,०००/- | ५% | शतप्रतिशत |
| ३. | सर्वसाधारण शेयरवालाहरू | ख | १८,१६,११० | १८,१६,११,००० /- | १५% | |
| | **जम्मा** | | १,२५,००,००० | १,२५,००,००,०००/– | **१००** | |

**नोट : सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।**

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

## ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिताराम तिमल्सिना विरगन्ज, पर्सा हाल : का.म.न.पा. १३ | अध्यक्ष | ६६ | नेपाली | २९,७९,५०० | साक्षर | १) पेट्रोलिम व्यापारमा अध्यक्ष पदमा रही २० वर्षको कार्यानुभव २) सिताश्री ग्यास प्रा.लि. मा १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष अध्यक्षको रुपमा कार्यानुभव । | १) ५ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा अध्यक्षको कार्यानुभव । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ३) युनिभर्सल मेडिकल कलेज मा ५ वर्ष देखि संचालकको कार्यानुभव । | |
| २ | एस आर पावर इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. | संस्थापक | लागु नहुने | लागु नहुने | १८,००,००० | लागु नहुने | लागु नहुने । | |
| ३ | सतिश तिमिल्सिना का.म.न.पा. १३, काठमाण्डौ | संचालक | ३३ | नेपाली | ८,००,००० | एमविए | १) सिताश्री ग्यास प्रा.लि. १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष संचालकको रुपमा कार्यानुभव । | १) ५ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा संचालकको कार्यानुभव । |
| ४ | प्रल्हाद तिमिल्सिना का.म.न.पा. १३, काठमाण्डौ | संचालक | ४५ | नेपाली | ८,००,००० | आइए | १) सिताश्री ग्यास प्रा.लि. १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष संचालकको रुपमा कार्यानुभव ।<br>२)सिता ट्रेड सेन्टर प्रा.लि. मा २० वर्ष कार्यकारी संचालकको रुपमा कार्यानुभव । | १) २ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा संचालकको कार्यानुभव । |
| ५ | पुष्प चित्रकार का.म.न.पा. १६, स्वयम्भु, काठमाण्डौ । | संचालक | ५३ | नेपाली | ३,१९,००० | एमएससी, एमविए | १) हाइड्रोपावर इन्जिनियरको रुपमा २५ वर्ष कार्यानुभव ।<br>२) बेनी हाइड्रोपावर प्रा.लि. मा संचालकको रुपमा ४ वर्षको कार्यानुभव ।<br>३) कालंगा हाइड्रोपावर कम्पनी प्रा.लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ वर्षको कार्यानुभव । | १) हाइड्रोपावर इन्जिनियरको रुपमा २५ वर्ष कार्यानुभव ।<br>२) बेनी हाइड्रोपावर प्रा.लि. मा संचालकको रुपमा ४ वर्षको कार्यानुभव ।<br>३) कालंगा हाइड्रोपावर कम्पनी प्रा.लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ वर्षको कार्यानुभव । |
| ६ | वैकुण्ठ शर्मा का.म.न.पा. ४, ठुलोभर्‍याङ | संचालक | ५५ | नेपाली | ५,०३,००० | स्नातकोत्तर | अमेरिकन लिंक्स इन्टरनेशनल कन्सल्टिङ्ग- म्यानेजमेण्ट कन्लल्टिङ्ग मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत | १) २ वर्ष माउन्टेन हाइड्रो नेपाल लि.मा संचालकको कार्यानुभव |
| ७ | रिता तिमिल्सिना का.म.न.पा. १३, काठमाण्डौ | संस्थापक | ५२ | नेपाली | ९,५०,००० | साक्षार | २) सिताश्री ग्यास प्रा.लि. मा १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष संचालकको रुपमा कार्यानुभव ।<br>३)सिता ट्रेड सेन्टर प्रा.लि.मा २० वर्ष संचालकको रुपमा कार्यानुभव ।<br>४) सिता केयर प्रा.लि. १८ वर्ष कार्यकारी संचालकको रुपमा कार्यानुभव । | नभएको |
| ८ | प्रकाश तिमिल्सिना फिदिम १, पांचथर | संस्थापक | ४३ | नेपाली | ५,००,००० | स्नातक | १) तिमिल्सिना सपिङ्ग सेण्टरमा ११ वर्ष प्रोपराइटरको रुपमा कार्यानुभव । | नभएको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | रोडसो इन्भेष्टमेण्ट प्रा.लि. का.म.न.पा. ११, सुन्धारा | संस्थापक | लागु नहुने | लागु नहुने | ५,००,००० | लागु नहुने | लागु नहुने | लागु नहुने |
| १० | सिंगलिला इनर्जि प्रा.लि. का.म.न.पा. ३२, घट्टेकुलो, काठमाण्डौ | संस्थापक | लागु नहुने | लागु नहुने | २,००,००० | लागु नहुने | लागु नहुने | लागु नहुने |
| ११ | ऋषिराम कंडेल भरतपुर, चितवन | संस्थापक | ४४ | नेपाली | १,०९,००० | स्नातक | १) गुड ड्रिम्स प्रा.लि.मा ५ वर्षको कार्यानुभव । | नभएको |
| १२ | लाक्पा ग्यालगेन शेर्पा | संस्थापक | ५६ | नेपाली | १,००,००० | स्नातक | १) एभरेष्ट आर्ट पेपरमा ४० वर्ष प्रोपराइटरको रुपमा कार्यनुभव ।<br>२)माउन्टेन हब्स प्रा.लि.मा १५ वर्ष कार्यकारी संचालक<br>३) क्यार्मु होटेल मा ५ वर्ष कार्यकारी संचालक | नभएको |

**संचालकहरुको विवरण**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिताराम तिमल्सिना विरगन्ज, पर्सा हाल : का.म.न.पा. १३ (संस्थापक समूह) | अध्यक्ष | ६६ | नेपाली | २९,७९,५०० | साक्षार | १) पेट्रोलिम व्यापारमा अध्यक्ष पदमा रही २० वर्षको कार्यानुभव<br>२) सिताश्री ग्यास प्रा.लि. मा १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष अध्यक्षको रुपमा कार्यानुभव ।<br>३) युनिभर्सल मेडिकल कलेज मा ५ वर्ष देखि संचालकको कार्यानुभव । | १) ५ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा अध्यक्षको कार्यानुभव । |
| २ | सतिश तिमिल्सिना का.म.न.पा. १३, काठमाण्डौ (संस्थापक समूह) | संचालक | ३३ | नेपाली | ८,००,००० | एमविए | १) सिताश्री ग्यास प्रा.लि. १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष संचालकको रुपमा कार्यानुभव । | १) ५ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा संचालकको कार्यानुभव । |
| ३ | प्रल्हाद तिमिल्सिना का.म.न.पा. १३, काठमाण्डौ (संस्थापक समूह) | संचालक | ४५ | नेपाली | ८,००,००० | आइए | १) सिताश्री ग्यास प्रा.लि. १.५ वर्ष तथा सिता प्रोडक्टस प्रा.लि. मा ३ वर्ष संचालकको रुपमा कार्यानुभव ।<br>२)सिता ट्रेड सेन्टर प्रा.लि. मा २० वर्ष कार्यकारी संचालकको रुपमा कार्यानुभव । | १) २ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि. तथा २ वर्ष सिता हाइड्रोपावर कम्पनी प्रा. लिमिटेडमा संचालकको कार्यानुभव । |
| ४ | पुष्प चित्रकार का.म.न.पा. १६, स्वयम्भु, काठमाण्डौ । (संस्थापक | संचालक | ५३ | नेपाली | ३,१९,००० | एमएससी, एमविए | १) हाइड्रोपावर इन्जिनियरको रुपमा २५ वर्ष कार्यानुभव ।<br>२) बेनी हाइड्रोपावर प्रा.लि. मा संचालकको | १) हाइड्रोपावर इन्जिनियरको रुपमा २५ वर्ष कार्यानुभव ।<br>२) बेनी हाइड्रोपावर प्रा.लि. मा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समूह) | | | | | | रुपमा ४ वर्षको कार्यानुभव ।<br>३) कालंगा हाइड्रोपावर कम्पनी प्रा.लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ वर्षको कार्यानुभव । | संचालकको रुपमा ४ वर्षको कार्यानुभव ।<br>३) कालंगा हाइड्रोपावर कम्पनी प्रा.लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ वर्षको कार्यानुभव ।<br>४) ३ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि.को संचालकको रुपमा कार्यानुभव |
| ५ | कालु गुरुङ्ग (संस्थापक समूह) | संचालक | ५५ | नेपाली | ५,००,००० | साक्षर | रोडसो इन्भेष्टमेण्ट प्रा.लि. तथा रोडसो रियल इस्टेट प्रा.लि.मा १४ वर्ष अध्यक्षको रुपमा कार्यानुभव । | १) ३ वर्ष देखि माउन्टेन हाइड्रो नेपाल लि.को संचालकको रुपमा कार्यानुभव |
| ६ | रेणुका देवी पोखरेल थापाथली, काठमाण्डौ (संस्थापक समूह) | संचालक | ४४ | नेपाली | ११,००० | स्नातकोत्तर | गृहिणी | १) ६ महिना देखि माउन्टेन हाइड्रो नेपाल लि.को संचालकको रुपमा कार्यानुभव |
| ७ | दिपेन्द्र आङबु लिम्बु एकतिन छ, पांचथर (प्रतिनिधिः सिंगलिला इनर्जि प्रा.लि.) (संस्थापक समूह) | संचालक | ४० | नेपाली | २,००,००० | साक्षर | सिंगलिला इनर्जि प्रा.लि.मा ६ वर्ष प्रवन्ध संचालकको रुपमा कार्यानुभव । | १) ३ देखि माउन्टेन हाइड्रो नेपाल लि.को संचालकको रुपमा कार्यानुभव |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| संस्थापकहरुको नाम तथा ठेगाना | सक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|
| रोडसो इन्भेष्टमेण्ट प्रा.लि.<br>का.म.न.पा. ११, सुन्धारा | व्यापार प्रकृतिः पुर्वाधारा निर्माणमा लगानी<br>रजिष्टर्ड नं. २६३५/०६०/०६१<br>दर्ता मितिः २०६०।०९।१७<br>प्यान नं. ३०१५९१९३३<br>अधिकृत पूँजी २९,००,००,००० | कालु गुरुङ्ग- अध्यक्ष<br>(व्यक्तिगत स्वामित्व) |
| सिंगलिला इनर्जि प्रा.लि.<br>का.म.न.पा. ३२, घट्टेकुलो, काठमाण्डौ | व्यापार प्रकृतिः पुर्वाधारा निर्माणमा तथा हाइड्रोपावर विकासमा लगानी<br>रजिष्टर्ड नं. ८८४७४/०६८/०६९<br>दर्ता मितिः २०६८।०८।१९<br>प्यान नं. ६००५५७३२४<br>अधिकृत पूँजी ५,००,००,००० | अनिन्द्र कुमार लिम्बु, एकतिन-५, पांचथर- अध्यक्ष<br>दिपेन्द्र आंबु लिम्बु- एकतिन-५,पांचथर-प्रबन्ध संचालक<br>राजेश गुरुङ्ग- सिमपानी १, कास्की- संचालक<br>फिपध्वज खाम्बाङ्ग, सिरिसे २, पांचथर-संचालक<br>धन कुमार खामबाङ्ग, थर्पु ८, पाँचथर-संचालक |
| एस आर पावर इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. | एस आर पावर इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. २०७४।१२।०५ गते कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता (दर्ता नं. १८५९९६/०७४/०७५) भई स्थापना भएको कम्पनी हो । यस कम्पनीको मुख्य उद्देश्य सम्भावित भएका साना, मझौला तथा ठुला विद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने आयोजनाहरुमा लगानी गर्ने रहेको छ। | सिताराम तिमिल्सना, का.म.न.पा. १३, ताहाचल, काठमाण्डौ-संस्थापक/संचालक |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | सिताराम तिमल्सिना<br>विरगन्ज १०, पर्सा<br>हाल : का.म.न.पा. १३ | १) सिता ट्रेड सेन्टर प्रा.लि. - अध्यक्ष / खसिवजार, काठमाण्डौ १४<br>२) सिता केयर प्रा.लि. - अध्यक्ष/ का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>३) लाफिङ बुद्ध पावर लिमिटेड-संस्थापक /कमलादी, काठमाण्डौ<br>४) सिता हाइड्रोपावर कम्पनी लिमिटेड-संस्थापक / का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>५) सिताश्री ग्यास प्रा.लि.- अध्यक्ष/ का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>६) सिता प्रोडक्टस प्रा.लि.- अध्यक्ष / खसिवजार, काठमाण्डौ १४<br>७) युनिभर्सल मेडिकल कलेज- संचालक<br>८) सिता फियुल-प्रोपराइटर/का.म.न.पा. ४, महाराजगंज, काठमाण्डौ । |
| २ | सतिश तिमिल्सिना<br>का.म.न.पा. १३, काठमाण्डौ | १) सिता हाइड्रोपावर कम्पनी प्रा.लि. - संस्थापक / का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>२) सिताश्री ग्यास प्रा.लि. - संचालक / का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>३) सिता प्रोडक्टस प्रा.लि. - संचालक / खसिवजार, काठमाण्डौ १४<br>४) सिता ट्रेड सेन्टर प्रा.लि. - संचालक / खसिवजार, काठमाण्डौ १४ |
| ३ | प्रल्हाद तिमिल्सिना<br>का.म.न.पा. १३, काठमाण्डौ | १) सिता हाइड्रोपावर कम्पनी प्रा.लि. - संस्थापक / का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>२) सिताश्री ग्यास प्रा.लि. - संचालक / का.म.न.पा. १३, कालिमाटी, काठमाण्डौ<br>३) सिता प्रोडक्टस प्रा.लि. - संचालक / खसिवजार, काठमाण्डौ १४ |
| ४ | पुष्प चित्रकार<br>का.म.न.पा. १६, स्वयम्भु, काठमाण्डौ । | २) बेनी हाइड्रोपावर प्रा.लि.- संस्थापक / हाडिगाउँ, काठमाण्डौ ।<br>३) कालंगा हाइड्रोपावर कम्पनी प्रा.लि.- प्रमुख कार्यकारी अधिकृत/ धोविघाट, काठमाण्डौ । |
| ५ | कालु गुरुङ्ग<br>महाराजगंज, काठमाण्डौ<br>(प्रतिनिधिः रोडसो इन्भेष्टमेण्ट प्रा.लि.) | १) रोडसो इन्भेष्टमेण्ट प्रा.लि.- अध्यक्ष/का.म.पा. ११, सुन्धारा, काठमाण्डौ<br>२) रोडसो रियल इस्टेट प्रा.लि.- अध्यक्ष / का.म.पा. ११, सुन्धारा, काठमाण्डौ |
| ६ | दिपेन्द्र आङबु लिम्बु<br>एकतिन छ, पांचथर<br>(प्रतिनिधिः सिंगलिला इनर्जि प्रा.लि.) | १) सिंगलिला इनर्जि प्रा.लि.- प्रवन्ध संचालक/ का.म.न.पा. ३२, घट्टेकुलो । |

**नोटः** सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१)छ को पालना भएको व्यहोरा जानकारी गराईन्छ।

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न संचालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुेन छैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख.संस्थापक/संचालक सँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्तिमिति | कार्यानुभव | शेयर संख्या | अन्य कुनै संगठित संस्थामा भएको लगानी सम्बन्धी विवरण | कार्य जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सञ्जिव कुमार ठाकुर | प्रमुख कार्यकारी अधिकृत | एमएससि, हाइड्रो पावर, नर्वे | २०७२।०९।१ | हाइड्रोपावर सम्वन्धि कार्यमा हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन कम्पनी लिमिटेडव्यवस्थापकीय तहमा रही २३ वर्षको अनुभव | छैन | नभएको | कम्पनीको व्यवस्थापकीय, प्राविधिक तथा प्रशासकीय कार्यको जिम्मेवारी |
| २ | गणेश प्रसाद सुब्बा | प्रोजेक्ट म्यानेजर | एमइ, रसिया | २०७२।०३।७ | हाइड्रोपावर इन्जिनियरिङ्ग सम्बन्धि कार्यमा Advance Engineering Cucultancy Pvt Ltd मा व्यवस्थापकीय तहमा रही २० वर्षको अनुभव | छैन | नभएको | परियोजना कार्यान्वयनको प्रमुख जिम्मेवारी |

संगठित संस्थाका माथि उल्लेखित कर्मचारीहरु अन्य सूचिकृत कम्पनीहरुमा आधारभुत शेयरधनीको रुपमा नरहनुभएको ।
संगठित संस्थाको नियमावलीको नियम ३२ मा सञ्चालकको पारिश्रमिक, वैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भए अनुसार मिति २०७०।०९।२८, मिति २०७०।०९।०३ तथा मिति २०७१।०४।२३ गते बसेको विशेष साधारण सभाहरुबाट निर्णय गराई कार्यकारी अध्यक्ष, र कार्यकारी सञ्चालहरुको पारिश्रमीक निर्धारण गरिएको छ ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको ।

**(ग) कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ३३ जना | - | - | - | – | - |

**ग.७.ख.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**
अध्यक्ष तथा संचालकहरुलाई बैठक भत्ता प्रदान नगरिएको ।

**(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | ऋवधि |
|---|---|---|---|---|
| १ | सञ्जिव कुमार ठाकुर | प्रमुख कार्यकारी अधिकृत | २४,४४,००० | आ.ब.०७४/०७५ |
| २ | गणेश प्रसाद सुब्बा | प्रोजेक्ट म्यानेजर | १३,००,००० | आ.ब.०७४/०७५ |

संगठित संस्थाको नियमावलीको नियम ३२ मा सञ्चालकको पारिश्रमिक, वैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भए अनुसार मिति २०७०।०९।२८ र २०७१।०४।२३ मा बसेको विशेष साधारण सभाबाट निर्णय गराई अध्यक्ष, सञ्चालहरुको पारिश्रमीक निर्धारण गरिएको हो ।

**(ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८.अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :**

- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पुर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तिय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :**

- जलस्रोतको मुहानको बातावरणमा अप्रत्यासित रुपमा परिबर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- परियोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :**

- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने ।
- नेपाल विद्युत प्रधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :** परियोजना सम्पन्न हुने मिति २०७४ असार १ सम्म रहेको र सो समयसम्म विगतको भुकम्प एवं नाकावन्दीको कारण समयमा कार्य सम्पन्न हुन नसकेको कारण परियोजना सम्पन्न हुने मिति २०७५।०६।२४ सम्म समयावधी थप गरी सकेको र सो समय सम्म समेत सम्पन्न हुन नसकेको अवस्थामा बैंक व्याजमा वृद्धि भई परियोजना खर्च करिव ४१ करोड २० लाखले वृद्धि हुने जाखिम रहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** हाल त्यस्तो जोखिम नरहको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तराष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखीम :** कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने तर कम्पनीले आयात गर्ने उपकरणहरुमा भन्सार महशुल १ प्रतिशत र मूल्य अभिबृद्धिकर पूर्ण छुट हुने व्यवस्था रहने हुँदा सम्पूर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयत गर्दा हुने जोखिम ।

**(झ) संचालन इतिहासको अभाव :** कम्पनीको व्यवस्थापनले यो परियोजना भन्दा अगावै अन्य परियोजना निर्माण गरी सञ्चालन गरिसकेको भएतापनि संगठित संस्थाले यो परियोजना मार्फत विद्युत उत्पादन नगरिसकेको अवस्थामा संचालन इतिहासको अभावले परियोजना समयमा सम्पन्न हुन कठिनाई हुने जोखिम रहेको ।

**(ञ) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : पुर्वाधार निर्माण सम्वन्धि कार्य भैरहेको र तोकिएको समय सम्म समेत पुर्वाधार निर्माण हुन नसकेको अवस्थामा बैंकहरुलाई भुक्तानी गर्नुपर्ने रकममा व्याज तथा व्यवस्थापन खर्च वृद्धि हुने, नेपाल विद्युत प्राधिकरणसँग भएको सम्झौता बमोजिम विद्युत उत्पादन समयमा विक्री गर्न नसक्दा क्षतिपुर्ती तिनुपर्ने आदि कारणले आयोजनाको लागतमा वृद्धि हुन जाने जाखिम रहेको ।

**(ट) अन्य :**

**प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :** उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ । साथै, अन्य जोखिमहरु देहाय अनुसार रहेका छन् ।

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने ।
- जलविद्युत आयोजना निमार्ण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ । जलवायु परिर्वतन वाट खोलामा पानीको वाहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्तछ । यसका लागि विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पुँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले परियोजनाको आय निश्चित भएकाले सो जोखिम नरहेको ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल,

कोइला, जलश्रोत इत्यादि । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा ब्यबस्थापनको रहेको छ ।
सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्ने सम्बन्धमा यस कम्पनीले प्रत्येक सवारीका साधनहरुको बीमा गराएको छ ।
साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्कयक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्नका लागि आयोजनको आवश्यक संरचनाको हकमा श्री प्रिमियर इन्स्योरेन्स कम्पनी लि. बाट तल्लो हेवा खोला जलविद्युत आयोजना अन्तर्गत सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्ने सम्बन्धमा यस कम्पनीले गरेको विमा सम्वन्धि विवरण तपशिल बमोजिम रहेको छ ।

| **विमा गरिएको सम्पत्तिको नाम** | **विमाङ्क रकम** | **विमा गराइएको कम्पनीको नाम** | **विमाको अवधि** |
|---|---|---|---|
| सिभिल सम्वन्धि कार्य र हाइड्रो मेकानिकल कार्यको सम्पत्ति बिमा | रु १,१८२,६५६,९४८/- | श्री प्रिमियर इन्स्योरेन्स कम्पनी लि | सन् २०१९ जनवरी २४ देखि २०२० जनवरी २३ सम्म । |
| इलेक्ट्रो मेकानिकल इक्विपमेण्ट (EAR) | रु९३०,४७१,५०० /- | श्री प्रिमियर इन्स्योरेन्स कम्पनी लि | सन् २०१८।१२।०१ देखि २०१९।०३।३१ सम्म। |

**निर्माण कार्य सम्पन्न भए पश्चात संचालनको समयमा गर्नुपर्ने विमाहरु गरीनेछ ।**

**<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>**
रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.ब.२०७४/०७५ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७५ आषाढ मसान्त)**

**रु. हजारमा**

| विवरण | **आ.व २०७४/७५** |
|---|---|
| **<u>शेयरपूजी तथा दायित्व</u>** | |
| शेयर पुंजी | १,०००,००० |
| जगेडा कोष र संचित नाफा | (३३,९०३) |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | |
| सूरक्षित ऋण | २,५४४,९२७ |
| असूरक्षित ऋण | |
| **<u>चालु दायित्व</u>** | |
| तिर्न बाँकी कारोबार | ८६,६९७ |
| छोटो समयबधिक ऋणकर्जा | ३०४,९६९ |
| अन्य चालु दायित्व | १०२,२५६ |
| **जम्मा शेयरपूजी तथा दायित्व** | ४,००४,९४६ |
| **स्थिर सम्पत्ति** | |
| स्थिर सम्पत्ति | २२,२६६ |
| अदृश्य सम्पती | ८१ |
| परियोजना भित्रको निर्माणाधिन अदृश्य सम्पती (IAUD) | ३,५३४,६९२ |
| सहायक कम्पनीमा लगानी | ५०,००० |
| नगद तथा बैंक मौज्दात | ६४६ |
| अन्य वित्तिय सम्पत्ती | ३९२,१७८ |
| अन्य चालु सम्पत्ती | – |
| **जम्मा चालू सम्पत्ति** | **४,००४,९४६** |

## आय विवरण
## मिति २०७४ श्रावण १ गते देखि २०७५ असाढ मसान्त सम्म

रकम रु. हजारमा

| विवरण | वास्तविक<br>आ.व. २०७४/२०७५ |
|---|---|
| **आम्दानी** | |
| रेभिन्यु | १,०९६,०८४ |
| रेभिन्यु लागत | १,०९६,०८४ |
| **खर्च** | |
| **कर्मचारी बोनस खर्च** | १,६०५ |
| ह्रास खर्च | ४८७ |
| प्रशासनिक खर्च | ५,७८६ |
| **सञ्चालन नाफा/(नोक्सान)** | (७,८७९) |
| अन्य आम्दानी | १,२८० |
| **आयकर तथा कर्मचारी बोनस कट्टी अघिको नाफा/(नोक्सान)** | (९,१५८) |
| आयकरको व्यवस्था | - |
| **आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)** | (९,१५८) |

## नगद प्रवाहको विवरण (२०७५ आषाढ मसान्त)

| विवरण | वास्तविक<br>आ.व. २०७४/२०७५ |
|---|---|
| **कारोबार सञ्चालन बाट नगद प्रवाह** | |
| चालु वर्षको खुद नाफा | (९१५८) |
| ह्रास खर्च | ४८७ |
| वित्तिय लागत | १२८० |
| **कार्यगत पूँजी सम्बन्धी गतिविधि अघिको नगद प्रवाह** | |
| अन्य वित्तिय सम्पत्तिमा कमी/(वृद्धि) | ५९९३ |
| अन्य चालु सम्पत्तिमा कमी/ (वृद्धि) | (५४२७४) |
| तिर्न बाँकी कारोबारमा (कमी)/वृद्धि | ३९६६४ |
| छोटोसमय ऋणमा (कमी)/वृद्धि | १६४३१४ |
| अन्य चालु दायित्वमा (कमी)/वृद्धि | १००४५७ |
| **कारोवार सञ्चालन बाट खुद नगद प्रवाह (क)** | **२४८७६२** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (१७०५) |
| अदृश्य सम्पत्तिभित्र विकासमा कमी/(वृद्धि) | (१०९६०८४) |
| स्थिर सम्पत्तिमा ह्रास कट्टी समायोजन | ५०१२ |
| **लगानी सम्बन्धी कारोवारबाट नगद प्रवाह (ख)** | **(१०९२७७७)** |
| **वित्तीय स्रोतसम्बन्धी कारोवारबाट नगद प्रवाह** | |
| सेयर पूँजीमा वृद्धि/(कमी) | - |
| शेयरको अग्रिम भुक्तानीमा वृद्धि/(कमी) | - |
| ऋणबाट खुद तिरेको/लिएको | ८०७६६६ |
| ब्याज भुक्तानी | (१२८०) |

| | |
|---|---|
| शेर निष्काशन लागत | (३७०९) |
| **वित्तीय स्रोतसम्बन्धी कारोवारबाट नगद प्रवाह (ग)** | **८०२६७८** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(४१३३९)** |
| नगद तथा बैङ्कमा रहेको सुरु मौज्दात | ४१९८५ |
| **नगद तथा बैङ्कमा रहेको अन्तिम मौज्दात** | **६४६** |

**नोटः आ.व. २०७४/०७५ को वित्तीय विवरण लेखापरिक्षण भई साधारण सभाबाट पारित हुन बाँकी वित्तीय विवरण हो।**

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):**

**वासलात**

**रकम (रु.हजारमा)**

| **विवरण** | **आ.व २०७२/७३** | **आ.व २०७३/७४** | **आ.व २०७४/७५** |
|---|---|---|---|
| **शेयरपूजी तथा दायित्व** | | | |
| शेयर पुंजी | ७,३२,५३५ | १,०००,००० | १,०००,००० |
| ऋग्मि शेयर पुँजी | ७०० | - | - |
| जगेडा कोष र संचित नाफा | (११,८९४) | (२१,०३५) | (३३,९०३) |
| | | | |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | | | |
| सूरक्षित ऋण | ५४२,४४१ | १,७३७,२६१ | २,५४४,९२७ |
| असूरक्षित ऋण | | | |
| **चालु दायित्व** | | | |
| तिर्न बाँकी कारोबार | ६१,१५२ | ४७,०३३ | ८६,६९७ |
| छोटो समयबधिक ऋणकर्जा | १९९,९९६ | १४०,६५५ | ३०४,९६९ |
| अन्य चालु दायित्व | ६३,०५३ | १,८०० | १०२,२५६ |
| **जम्मा शेयरपूजी तथा दायित्व** | १,५८७,९८४ | २,९०५,७१४ | ४,००४,९४६ |
| **स्थिर सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | ११,४०२ | २६,०५७ | २२,२६६ |
| अदृश्य सम्पती | ८७ | ८४ | ८१ |
| परियोजना भित्रको निर्माणाधिन अदृश्य सम्पती (IAUD) | १,१४६,८७९ | २,४३८,६०८ | ३,५३४,६९२ |
| सहायक कम्पनीमा लगानी | ५०,००० | ५०,००० | ५०,००० |
| नगद तथा बैंक मौज्दात | १,१४० | ४१,९८५ | ६४६ |
| अन्य सम्पती | ३,७८,४७५ | ३,४८,९७९ | ३,९७,२६० |
| **जम्मा सम्पत्ति** | **१,५८७,९८४** | **२,९०५,७१४** | **४,००४,९४६** |

**एकिकृत वासलात**

**रकम (रु.हजारमा)**

| **विवरण** | **आ.व २०७२-७३** | **आ.व २०७३-७४** | **आ.व २०७४-७५** |
|---|---|---|---|
| **शेयरपूजी तथा दायित्व** | | | |
| शेयर पुंजी | ७३,२५३५ | १,०००,००० | १,०००,००० |
| शेयरको अग्रिम भुक्तानी | ७०० | - | - |

| | | | |
|---|---|---|---|
| जगेडा कोष र संचित नाफा | (१२,०६२) | (२१,२८१) | (३४,२२७) |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | | | |
| दिर्घकालिन ऋण | ५४२,४४१ | १,७३७,२६१ | २,५४४,९२७ |
| असूरक्षित ऋण | | | |
| **चालू दायित्व** | | | |
| व्यापारिक भूक्तान | ६१,२६४ | ४७,०६० | ८६,७३४ |
| छोटो समयवधि ऋण | १९९,९९६ | १४०,६५५ | ३०४,९६९ |
| अन्य चालु दायित्व | ६३,१२३ | २,०३० | १०२,५५३ |
| **जम्मा** | **१,५८७,९९७** | **२,९०५,७२५** | **४,००४,९५६** |
| **सम्पत्ति** | | | |
| **खूद स्थिर सम्पत्ति** | ६३,८८७ | ९३,२०१ | ८९,४०८ |
| **अदृश्य सम्पत्ती** | ८७ | ८४ | ८१ |
| **परियोजना विकास खर्च** | १,१४६,८७९ | २,४३८,६०८ | ३,५३४,६९२ |
| नगद तथा बैंक मौज्दात | १,१४५ | ४१,९९० | ६५१ |
| अन्य वित्तिय सम्पत्ती | १६,४३५ | ११,०७६ | ५,०८३ |
| अन्य चालु सम्पत्ती | ३५९,५६३ | ३२०,७६६ | ३,७५,०४० |
| **जम्मा सम्पत्ति** | **१,५८७,९९७** | **२,९०५,७२५** | **४,००४,९५६** |

## आय विवरण

रकम रु. हजारमा

| विवरण | वास्तविक | वास्तविक | वास्तविक |
|---|---|---|---|
| | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२०७४ | आ.व. २०७४/२०७५ |
| **आम्दानी** | | | |
| रेभिन्यु | - | १,२९१,७२९ | १,०९६,०८४ |
| रेभिन्यु लागत | - | १,२९१,७२९ | १,०९६,०८४ |
| **खर्च** | | | |
| **कर्मचारी बोनस खर्च** | - | १,३४६ | १,६०५ |
| ह्रास खर्च | - | ३५६ | ४८७ |
| प्रशासनिक खर्च | - | ६,१३७ | ५,७८६ |
| **सञ्चालन नाफा/(नोक्सान)** | - | (७,८४०) | (७,८७९) |
| अन्य आम्दानी | - | १,३०१ | १,२८० |
| **आयकर तथा कर्मचारी बोनस कट्टी अघिको नाफा/(नोक्सान)** | - | (९,१४१) | (९,१५८) |
| आयकरको व्यवस्था | - | - | - |
| **आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) ( वित्तीय अवस्थाको विवरणमा सारेको)** | - | (९,१४१) | (९,१५८) |

## एकिकृत आय विवरण

रकम रु. हजारमा

| विवरण | वास्तविक | वास्तविक | वास्तविक |
|---|---|---|---|
| | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२०७४ | आ.व. २०७४/२०७५ |
| **आम्दानी** | | | |
| रेभिन्यु | - | १,२९१,७२९ | १,०९६,०८४ |
| रेभिन्यु लागत | - | १,२९१,७२९ | १,०९६,०८४ |
| **खर्च** | | | |
| **कर्मचारी बोनस खर्च** | - | १,३४६ | १,६०५ |
| ह्रास खर्च | - | ३५८ | ४८८ |
| प्रशासनिक खर्च | - | ६,२१२ | ५,८६३ |
| **सञ्चालन नाफा/(नोक्सान)** | - | (७,९१७) | (७,९५६) |

| | | | |
|---|---|---|---|
| अन्य आम्दानी | - | १,३०१ | १,२८० |
| **आयकर तथा कर्मचारी बोनस कट्टी अघिको नाफा/(नोक्सान)** | **-** | **(९,२१८)** | **(९,२३७)** |
| आयकरको व्यवस्था | - | - | - |
| **आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) ( वित्तीय अवस्थाको विवरणमा सारेको)** | **-** | **(९,२१८)** | **(९,२३७)** |

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :**

**वासलात (२०७५ आश्विन मसान्त)**

**रु. हजारमा**

| विवरण | आ.व २०७५ आश्विन मसान्त |
|---|---|
| **शेयरपूजी तथा दायित्व** | |
| शेयर पुंजी | १,०६८,३८९ |
| जगेडा कोष र संचित नाफा | (३८,१५५) |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | |
| दिर्घकालिन ऋण | २,७०६,३३८ |
| **चालु दायित्व** | |
| व्यापार भूक्तान | ७२,४५४ |
| छोटो समय ऋण | २७६,११८ |
| अन्य चालु दायित्व | १२७,४६८ |
| **जम्मा** | **४,२१२,६१२** |
| | |
| **सम्पत्ति** | |
| **स्थिर सम्पत्ति** | २१,१५४ |
| **अदृश्य सम्पत्ती** | ८० |
| **परियोजना विकास खर्च** | ३,६९७,११७ |
| सहायक कम्पनीमा लगानी | ५०,००० |
| नगद तथा बैंक मौज्दात | १,२१९ |
| अन्य वित्तिय सम्पत्ती | ४,०६४ |
| अन्य चालु सम्पत्ती | ४३८,९७८ |
| **जम्मा सम्पत्ति** | **४,२१२,६१२** |

**आय विवरण**

**मिति २०७५ श्रावण १ गते देखि २०७५ आश्विन मसान्त सम्म**

**रकम रु. हजारमा**

| **विवरण** | **वास्तविक**<br>**आ.व. २०७४/२०७५ आश्विन मसान्त** |
|---|---|
| **आम्दानी** | |
| रेभिन्यु | **१६२,४२५** |
| रेभिन्यु लागत | **१६२,४२५** |
| **खर्च** | |
| **कर्मचारी बोनस खर्च** | **५३३** |
| ह्रास खर्च | **९६** |
| प्रशासनिक खर्च | **२,६४२** |
| **सञ्चालन नाफा/(नोक्सान)** | (३,२७२) |

| | |
|---|---|
| अन्य आम्दानी | २९९ |
| **आयकर तथा कर्मचारी बोनस कट्टी अघिको नाफा/(नोक्सान)** | **(३,५७१)** |
| आयकरको व्यवस्था | - |
| **आयकर कट्टी पछिको खुद नाफा/(नोक्सान) (वित्तीय अवस्थाको विवरणमा सारेको)** | **(३,५७१)** |

**आ.व. २०७४/०७५ को वित्तीय विवरण एनएफआरएस (NFRS) अनुसार तयार गरिएको हो र सोही एनएफआरएस (NFRS) अनुसार आ.व. २०७२।०७३ तथा आ.व. ०७३।०७४ को वित्तीय विवरण अद्यावधिक गरिएको हो ।**

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

**रकम रु हजारमा**

| **विवरण** | **आ.व २०७५-७६** | **आ.व २०७६-७७** | **आ.व २०७७-७८** |
|---|---|---|---|
| **शेयरपूजी तथा दायित्व** | | | |
| शेयर पुंजी | १,२५०,००० | १,२५०,००० | १,२५०,००० |
| जगेडा कोष र संचित नाफा | - | - | - |
| **जम्मा** | १,२५०,००० | १,२५०,००० | १,२५०,००० |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | | | |
| सूरक्षित ऋण (आवधिक) | ३,०७८,०५४ | ३,०७१,५८१ | ३,०३८,५२५ |
| सूरक्षित ऋण (छोटो अवधिको) | ७०,००० | ७०,००० | ७०,००० |
| अन्य ऋण | ९,०८४ | ५,९०४ | ३,२४७ |
| संस्थापक ऋण | ४५०,००० | ३२०,००० | २१०,००० |
| **जम्मा ऋण** | ३,६०७,१३८ | ३,४६७,४८५ | ३,३२१,७७२ |
| **जम्मा दायित्व** | **४,८५७,१३८** | **४,७१७,४८५** | **४,५७१,७७२** |
| **सम्पत्ति** | | | |
| लगानी | ५०,००० | ५०,००० | ५०,००० |
| **स्थिर सम्पत्ति** | - | - | - |
| **खुद मूल्य** | ४,२५७,८६५ | ४,२५७,८६५ | ४,२५७,८६५ |
| **ह्रास कट्टी - घटाउने** | १६२,३६४ | ३०५,४९३ | ४४८,१२१ |
| **जम्मा** | **४,०९५,५०१** | **३,९५२,३७२** | **३,८०९,७४४** |
| **चालू सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १,९५९ | ४६० | ४,०८१ |
| अग्रिम भूक्तानी रकम र पेश्कि | ४३६,९८७ | ४८०,६८५ | ५२८,७५४ |
| इन्भेन्टरिज | - | - | - |
| अन्य प्राप्य रकम | ११४,६५८ | ११८,०९८ | १२१,५३८ |
| **जम्मा चालू सम्पत्ति** | **५५३,६०४** | **५९९,२४३** | **६५४,३७३** |
| **चालू दायित्व** | | | |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | ३,००३ | ४,०७० | ४,२८२ |
| **जम्मा चालू दायित्व** | ३,००३ | ४,०७० | ४,२८२ |
| **खूद संचालन पूँजी** | ५५०,६०१ | ५९५,१७३ | ६५०,०९१ |

| | | | |
|---|---|---|---|
| पूर्व संचालन खर्चहरु | ५०,४०० | ३७,८०० | २५,२०० |
| संचित नोक्सान | ११०,६३५ | ८२,१४० | ३६,७३८ |
| **जम्मा सम्पत्ति** | **४,८५७,१३८** | **४,७१७,४८५** | **४,५७१,७७२** |

## नाफा- नोक्सान हिसाब

(रकम रु.हजारमा)

| **विवरण** | **आ.व २०७५-७६** | **आ.व २०७६-७७** | **आ.व २०७७-७८** |
|---|---|---|---|
| | | | |
| विक्री आम्दानी | १९८,१५४ | ५६७,४०६ | ५८४,२५० |
| **प्रत्यक्ष खर्च** | | | |
| संचालन खर्च | २,०८१ | ६,२५६ | ६,७६३ |
| मर्मत खर्च | ३,८१९ | ४,०१० | ४,२११ |
| रोयल्टी | ६,१२३ | १३,५०८ | १३,८४५ |
| **जम्मा प्रत्यक्ष खर्च** | **१२,०२३** | **२३,७७४** | **२४,८१९** |
| **जम्मा नाफा** | **१८६,१३१** | **५४३,६३२** | **५५९,४३१** |
| अन्य आम्दानी | - | - | - |
| **संचालन नाफा** | १८६,१३१ | ५४३,६३२ | ५५९,४३१ |
| **अप्रत्यक्ष खर्च** | | | |
| प्रशासनिक खर्च | १८,००० | १२,६०० | १३,२३० |
| विमा | - | - | - |
| व्याज खर्च | ८८,५०६ | ३४६,२२६ | ३४४,६४४ |
| ह्रास खर्च | १४३,७५७ | १४३,१२९ | १४२,६२८ |
| पूर्व संचालन खर्च | १२,६०० | १२,६०० | १२,६०० |
| **ह्रास तथा वित्तीय खर्च पूर्वको नाफा** | **(७६,७३२)** | **२९,०७६** | **४६,३२९** |
| कर्मचारी बोनश | - | ५८१ | ९२६ |
| आयकर व्यवस्था | - | - | - |
| **कर पछिको नाफा** | (७६,७३२) | २८,४९५ | ४५,४०२ |
| घटाउनेः प्रस्तावित लाभांश | - | - | - |
| **जगेडा कोष तथा सचिंत नाफामा सारेको** | (७६,७३२) | २८,४९५ | ४५,४०२ |

**वित्तीय प्रक्षेपणका आधारहरु**

| **विवरण** | **२०७५/०७६** | **२०७६/०७७** | **२०७७/०७८** |
|---|---|---|---|
| १. कुल आयमा औषत बृद्धिदर | ०.००% | १८६.३५% | २.९७% |
| २. कुल खर्चमा औषत बृद्धिदर | २७६.५१% | ४.५६% | ४.६४% |
| ३. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १०.१९% | १०.३७% | १०.५५% |
| ४. खुद मुनाफामा औषत बृद्धिदर | ४८६.६७% | -१३७.१४% | ५९.३३% |
| ५.Return on Equity | -६.१४% | २.२८% | ३.६३% |
| ६.Return on Assets | -१.५८% | ०.६०% | ०.९९% |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

१) आ.व. २०७४/०७५ मा शेयर पूँजी १,००,००,००,००० रहेको र सार्वजनिक शेयर निष्काशन पश्चात आ.व. २०७४/०७५ मा शेयर पूँजीमा रु २५,००,००,००० ले वृद्धि हुनेछ ।

२) आयोजना निर्माण लागत खर्च ४,२८,१७,०६,८३१ ले हुने प्रक्षेपण गरिएको छ ।

३) अग्रिम रकम तथा धरौटीमा ठेकेदारलाई दिइएको अग्रिम रकम समावेश गरिएको छ । साथै सो रकम आ.व. २०७५/०७६ देखि आगामी सञ्चालन वर्षहरुमा क्रमीक रुपमा उठ्दै जानेछ ।

४) जग्गा सिभिल संरचना, हाइड्रो मेकानिकल उपकरण तथा ट्रान्समिसन लाइन बाहेकका स्थिर सम्पत्तिमा आयकर ऐन बमोजिम WDV अनुसार ह्रास कट्टी गरिएको छ । परियोजना सम्पत्ति (जग्गा सिभिल संरचना, हाइड्रो मेकानिकल उपकरण तथा ट्रान्समिसन लाइन) लाई संचालन वर्ष बमोजिम SLM अनुसार ह्रासकट्टी गरिएको छ ।

५) प्रत्यक्ष खर्चमा ५ प्रतिशत, प्रशासनिक खर्चमा १० प्रतिशत र कर्मचारी खर्चमा १० प्रतिशत वार्षिक वृद्धिदर प्रक्षेपित गरिएको छ ।

६) कर्मचारी वोनश विद्युत ऐन, २०५० बमोजिम कायम गरिएको छ ।

७) सिन्डिकेटेड कर्जा सहमती बमोजिम व्याजदर ११ प्रतिशत कायम गरिएको छ ।

८) मुद्रा स्फितीलाई अधिकतम ५ प्रतिशत कायम गरिएको छ तथा सोही बमोजिम डिस्काउन्टेड पे व्याक अवधि प्रक्षेपण गरिएको छ ।

९) आयोजनाको क्षमता बमोजिम आयोजनाबाट विद्युत उत्पादन हुनेछ ।

१०) PPA बमोजिम नेपाल विद्युत प्राधिकरणलाई देहाय बमोजिम विद्युत विक्री गरिने गरी प्रक्षेपण गरिएको छ ।

| **अवधि**<br>(व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कामय भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म रु. प्रती युनिट) | वर्षा याम (बैशाख देखि मार्ग सम्म रु.प्रती युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १२ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

११) रोयल्टी बाहेक प्रत्यक्ष खर्च वार्षिक ५ प्रतिशतले वृद्धि हुनेछ । जडित क्षमताको लागि रोयल्टी रु १,००,००० प्रति किलोवाट तथा उत्पादित विद्युतको २ प्रतिशत शरुका १५ संचालन वर्षहरुमा कायम गरिएको छ ।

१२) वोनश बाहेक प्रशासनिक खर्चहरु आ.व. ०७४/०७५ देखि वार्षिक ५ प्रतिशतले वृद्धि हुनेछ ।

१३) कम्पनीले त्रीपक्षीय ऋण सहमती बमोजिम प्राइम कमर्सियल बैंकबाट ऋण लिनेछ । तोकिएको सिमाभन्दा वढी ऋण संस्थापकबाट लिइनेछ ।

१४) कम्पनीले आ.व. २०७५/०७६ मा प्रति शेयर रु १०० का दरले २ चरणमा सर्वसाधारणमा शेयर जारी गर्नेछ । पूर्ण रुपमा शेयर विक्री हुने अनुमान गरिएको छ ।

१५) नेपाल विद्युत प्राधिकरणबाट विद्युत विक्री बाट प्राप्त २ महिनाको देहाय अनुसारको आम्दानी प्राप्त हुन बाँकीमा जनाइनेछ । सो रकम आसामीमा संलग्न हुनेछ ।

| आ.व. | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|
| विक्री | १९,८१,५३,८२३ | ५६,७४,०६,४७६ | ५८,४२,५०,३३२ |
| आर्थिक वर्षको अन्तमा प्राप्त हुन बाँकी | ११,४६,५८,४०१ | ११,८०,९८,१५४ | १२,१५,३७,९०६ |

१६. परियोजनाको माज्दात कायम गरिने छैन । सवै उपभोग्य सामानहरु खर्चमा जनाइनेछ ।

१७. सर्वसाधारणमा शेयर जारी गर्दा जम्मा आ.व. २०७५/०७६ मा ६० लाख खर्च हुने प्रक्षेपण गरिएको छ ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :**

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. ०७२/०७३** | **आ.ब. ०७३/०७४** | **आ.ब. ०७४/०७५** | **आ.ब. ०७५/०७६** | **आ.ब. ०७६/०७७** | **आ.ब. ०७७/०७८** |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.९८ | ९३.९१ | ९३.७५ | ९५.९७ | ९६.९८ | ९७.९८ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | (१.३१) | (६.१४) | २.२८ | ३.६३ |

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| शेयर पूँजी | ७३३,२३५ | १,०००,००० | १,०००,००० | १,२५०,००० | १,२५०,००० | १,२५०,००० |
| जगेडा तथा कोषहरु | - | - | - | - | - | - |
| **कुल** | ७३३,२३५ | १,०००,००० | १,०००,००० | १,२५०,००० | १,२५०,००० | १,२५०,००० |
| **घटाउने :** अपलेखन गर्न बाँकी खर्च | ५८,८०१ | ६०,८९२ | ६२,४७९ | ५०,४०० | ३७,८०० | २५,२०० |
| **कुल नेटवर्थ** | ६७३,७३४ | ९३९,१०८ | ९३७,५२१ | १,१९९,६०० | १,२१२,२०० | १,२२४,८०० |
| **शेयर संख्या ( हजारमा)** | ७३२५।३५ | १००००।०० | १००००।०० | १२५००।०० | १२५००।०० | १२५००।०० |
| **प्रति शेयर (नेटवर्थ) रु.** | ९१.९८ | ९३.९१ | ९३.७५ | ९५.९७ | ९६.९८ | ९७.९८ |
| **नेटवर्थमा भएको औसत प्रतिफल "प्रतिशतमा"** | - | - | (१.४०) | (६.४०) | २.३५ | ३.७१ |
| **नेटवर्थमा निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल** | | | | (१.३७) | | |

**(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (०.४७)%**

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री बी अर्याल एण्ड एकाउण्टेण्टस का चार्टर्ड एकाउण्टेण्ट श्री भोजन अर्यालले गर्नु भएको हो र उक्त प्रक्षेपित वित्तिय विवरणका आधार तथा तरिकाहरु ठीक छ भनी संगठित संस्थाको बाह्य लेखापरिक्षक अर्याल एण्ड अर्याल चाटर्ड एकाउन्टेण्ट्स का सिए श्री सुदन रेग्मीले प्रमाणित गर्नुभएको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूंजिको १५ प्रतिशत अर्थात रु. १८,१६,११,०००।-रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००।- को १८,१६,११० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याईएको छ । धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम आयोजना प्रभावित क्षेत्र पाँचथर जिल्लाका प्रभावित क्षेत्रका लागी जारी पूंजिको १० प्रतिशत अर्थात रु.१२,५०,००,०००।-बराबर प्रति शेयर अंकित मूल्य रु.१००।- को १२,५०,००० कित्ता मध्ये ६,८३,८९० कित्ता मात्र आवेदन परेकोले उक्त कित्ता बाँडफाँड गरिएको र बाँकी बिक्री नभएको शेयर सार्वजनिक निष्काशनमा समाबेश गरिएको छ । कम्पनीबाट निर्माणका लागि अगाडी सारिएका आयोजनाको विकासका लागि लिइएको ऋण भुक्तानीका लागि पूँजी संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो । आयोजना सम्पन्न गर्न लाग्ने कुल लागत ४२८।१७ करोड मध्ये ९८ प्रतिशत कार्य सम्पन्न गर्नका लागी ४२१।२६ करोड लागत लागि सकेको छ । उक्त लागतको श्रोतमा बैंकबाट टर्म लोन २७० करोड र संस्थापकहरुबाट चुक्ता भएको तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई बाँडफाँड भई प्राप्त रकम रु १०६।८३ करोड रहेको छ । बाँकी नपुग रकम मध्ये ब्रिज ग्याप लोन उपभोग गरि आयोजनाको निर्माण कार्य गरिएको छ र सर्वसाधारणको लागि जारी गरेको शेयर बाट प्राप्त रकमको खर्च कम्पनीले लिएको सो ब्रिज ग्याप लोन तिर्नको लागि उपयोग गरिनेछ र आयोजनाको ९८ प्रतिशत कार्य सम्पन्न भैसकेकोले सर्वसाधारणबाट संकलन भएको रकम आयोजना निर्माणमा खर्च नभई ब्रिज ग्याप लोन तिर्नको लागि प्रयोग गरिनेछ ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :** कम्पनीले आफ्नो जारी पूँजी रु. १,२५,००,००,०००/–(अक्षरेपी एक अर्ब पच्चिस करोड मात्र) को १०% अर्थात रु.१२,५०,००,०००/–(अक्षेरेपी बाह्र करोड पचास लाख रकम बराबरको रु.१००/– अंकित दरको १२,५०,००० कित्ता र आयोजना प्रभावित क्षेत्रबाट बिक्री नभएको रु.५,६६,११,०००/- (अक्षरेपी पाँच करोड छैसठ्ठी लाख एघार हजार मात्र) बराबरको रु.१००/– अंकित दरको ५,६६,११० कित्ता गरी जम्मा १८,१६,११० कित्ता शेयर सर्वसाधारणका निमित्त निष्काशन गरि प्राप्त रकम बैंक मार्फत आयोजना सम्पन्न गर्न लिइएको ब्रिज ग्याप लोनको भुक्तानीका लागि उपयोग गरिनेछ ।

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:** कुनै कारणवश पूर्णरुपमा बिक्री नभएमा, श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र सनराइज क्यापिटल लिमिटेड कमल पोखरी काठमाण्डौले सम्यूक्त रुपमा रकम रु १८,७५,००,०००/- बराबरको १८,७५,००० कित्ता शेयर (स्थानीय वासीलाई छुट्टाइएको सम्पूर्ण शेयर सहित) र सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर

काठमाण्डौंले ६,२५,००,०००/- बराबरको ६,२५,००० कित्ता गरी सर्वसाधारणका लागी छुट्टाईएको सम्पुर्ण शेयर प्रत्याभुत गरेको छ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

यस कम्पनीले विकास गरेको तल्लो हेवा खोला जलविद्युत आयोजना मेची अञ्चलको पाँचथर जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र हालसम्म करिव ९८ प्रतिशत कार्य सम्पन्न भई बाँकि २ प्रतिशत कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेकोले चरण अनुसारको खर्च नरहेको । सम्पन्न भएको कार्यको लागि लागेको रकम रकम रु ४२१।२६ करोड रहेको र बाँकी २ प्रतिशत कार्य सम्पन्न गर्न रकम रु ६।९१ करोड लाग्ने अनुमान रहेको छ । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विवरण | कार्य प्रगति | बाँकी कार्य ( प्रतिशतमा) | Amounts (Crores ) |
|---|---|---|---|
| १. सिभिल निर्माण कार्य | निर्माणाधिन | १ | २.३४ |
| २. हाइड्रो मेकानिकल संरचना निर्माण कार्य | निर्माणाधिन | २ | ०.४४ |
| ३. मेशिन तथा अन्य उपकरणहरु आयात | निर्माणाधिन | १ | ०.४२ |
| ४.मेशिन तथा अन्य उपकरणहरु जडान | निर्माणाधिन | २५ | ०.६० |
| ५.१३२ के.भी. प्रशारण लाईन | निर्माणाधिन | १ | ०.०७ |
| ६. निर्माण समयमा लाग्ने ब्याज तथा खर्च | | | ३.०१ |
| **जम्मा** | | | **६.९१** |

आयोजना को कार्य सम्पन्न गर्न माथिको तालिका बमोजिम खर्च हुने अनुमान रहेको छ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

तल्लो हेवा खोला जलविद्युत आयोजना सम्पन्न हुने मितिः २०७५।१०।३०

परिक्षण उत्पादन शुरु हुने मितिः २०७५।१०।३०

व्यवसायिक उत्पादन शुरु हुने मितिः परिक्षण उत्पादन शुरु भएको मितिले ४५ दिन भित्र

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

**कम्पनीले खरिद गरेको उपकरणको मूल्य :**

आयोजनाहरुको **Elecctromechanical** equipment र पेनस्टक प्रोटेक्सन भल्भ कम्पनी र **M/s VOITH HYDRO PVT LTD, INDIA** बीच भएको सम्झौता बमोजिम रकम रु ४७,२४,४२,५०० बराबरको सामान आयात भएको हो

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** पाँचथर जिल्लामा स्थित आयोजनाको लक्षित समूहमा पाँचथर जिल्लाको आयोजना प्रभावित क्षेत्र रहेको ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** मेचि अञ्चलको पाँचथर जिल्लाको हेवा खोला तथा फेमे खोलाको पानी र सो स्रोत उपयोगका लागि जलस्रोत मन्त्रालयबाट ३५वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** मेचि अञ्चलको पाँचथर जिल्लाको हेवा खोला तथा फेमे खोलाको पानी

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.५,००,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. १०,९३,५००/- (सिद्धार्थ क्यापिटल लिमिटेड, एनआइविएलएस क्यापिटल लिमिटेड र सनराइज क्यापिटल लिमिटेडलाई बुझाउनुपर्ने प्रत्याभुत शुल्क )

(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।

(उ) लेखापरिक्षकको शुल्क – कुनै शुल्क भुक्तानी नगरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्र तथा निष्काशन बैंकलाई कुनै सेवा शुल्कको व्यवस्था गरिएको छैन ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम शेयर जारी गर्ने नभएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीगि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ ।

साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ताहरु वीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताहरुलाई दामासाहीले बाँडफाँड गरिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:** सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रोक्का रहेको रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४" को दफा २९(३) मा भएको व्यबस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आश्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्बन्धीत शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ तथा प्रचलित शेयर बांडफांड सम्वन्धी व्यवस्था बमोजिम, सर्वसाधारणहरुको लागि शेयर बांडफांड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

१) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : सिद्धार्थ क्यापिटल लिमिटेड
ठेगानाः नारायणचौर, नक्साल काठमाण्डौं
प्रत्याभूति गर्ने धितोपत्रको संख्या :६,२५,००० कित्ता
प्रत्याभूति गर्ने धितोपत्रको रकम :रु. ६,२५,००,०००/-

२) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : श्री एनआइबिएल एस क्यापिटल लिमिटेड,
ठेगानाः लाजिम्पाट, काठमाडौं
र

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम :सनराइज क्यापिटल लिमिटेड
ठेगानाः कमल पोखरी काठमाण्डौ
प्रत्याभूति गर्ने धितोपत्रको संख्या : १८,७५,००० कित्ता (स्थानीय वासीलाई छुट्टाइएको शेयर सहित)
प्रत्याभूति गर्ने धितोपत्रको रकम :रु. १८,७५,००,०००/-

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

**एनआईबिएल एस क्यापिटल लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड सँग गरिएको सम्झौताको मुख्य शर्तहरु**

१) प्रत्याभुतिकर्ताले १८,७५,००० कित्ता शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ ।
२) प्रत्याभुतिकर्तालाई रु.१००/– अंकित दरको १८,७५,००० कित्ता अर्थात रुकम रु १८,७५,००,००० बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत रु.९,३७,५००/–(अक्षरेपी नौ लाख सैंतिस हजार पाँच सय मात्र) भुक्तानी गर्नेछ । उक्त रकम दोश्रो तथा तेश्रो पक्षलाई सात दिनभित्र समानुपातिक हिसाबले प्रथम पक्षले भुक्तानी गर्नेछ ।
३) यदि शेयर बिक्री नभई द्वितिय पक्ष र तृतिय पक्षले प्रत्याभुति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।
४) स्थानिय बासिन्दाहरुको तथा सार्वजनिक शेयर निष्काशन गरिएको सम्पूर्ण शेयर कित्ताको लागि दरखास्त नपरेको अवस्थामा विक्री नभई बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताहरुले आफुले प्रत्याभुति गरेको अनुपातमा प्रति शेयर रु. १००/–का दरले खरिद गर्नेछ ।
५) प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता शेयरहरुमा मात्र सिमित हुनेछ ।
६) यस विवरण पत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्णरुपमा वा आंशिक रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी खरिद गर्ने सहमती जनाएको छ ।
७) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुको पुर्णरुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
८) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पूरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन २०५५ बमोजिम कारबाही गर्न सक्नेछ ।
९) प्रत्याभुत गरेको शेयर कित्ता सर्वसाधारणबाट खरिद नभई बाँकी रहेमा बाँकी रहेको शेयर कित्ता प्रत्याभुत कर्ताले खरिद गर्ने छ ।

**सिद्धार्थ क्यापिटल लिमिटेडसँग भएको सम्झौताका बुँदाहरु**

१) प्रत्याभुतिकर्ताले ६,२५,००० कित्ता शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ ।
२) प्रत्याभुतिकर्तालाई रु.१००/– अंकित दरको ६,२५,००० कित्ता अर्थात रुकम रु ६,२५,००,००० बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कुल प्रत्याभुत गरिएको रकमको सेवा शुल्क बापत रु. १,५६,२५०/-(अक्षरेपी : रु एक लाख छपन्न हजार दुई सय पचास मात्र) प्रदान गर्नेछ ।
३) यदि शेयर बिक्री नभई द्वितिय पक्षले प्रत्याभुति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको बखत शेयर खरिद गरि भुक्तानी दिनु पर्नेछ ।
४) प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता शेयरहरुमा मात्र सिमित हुनेछ ।
५) यस विवरण पत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्णरुपमा वा आंशिक रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी खरिद गर्ने सहमती जनाएको छ ।
६) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुको पुर्णरुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
७) यस सम्झौता करार ऐन, २०५६ लगायत नेपालको ऐन कानुन अन्तर्गत रही लागु हुनेछ ।
८) प्रत्याभुत गरेको शेयर कित्ता सर्वसाधारणबाट खरिद नभई बाँकी रहेमा बाँकी रहेको शेयर कित्ता प्रत्याभुत कर्ताले खरिद गर्ने छ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय ताहाचल, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेका सम्पूर्ण आश्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयर खरिदका

लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ८०००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

(ग) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

सर्वसाधारण नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई **धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा** Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
२. C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझीलिएको फारम तोकिएको समयावधि भित्र C-ASBA प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

**३. आवेदन दिने सम्बन्धमा अन्य शर्त तथा जानकारीहरु**

१. एक व्यक्ति वा संस्थाले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्ति वा संस्थालले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
२. रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।
३. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ । तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ ।

४. आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात पाँचथर जिल्लाका फिदिम न.पा. र हिलिहाङ्ग गाउँपालिका का बासिन्दाहरुलाई जारी गरेको शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले यस विवरणपत्र मार्फत सर्वसाधारणलाई जारी गरिने साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन पाउने छैनन् ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : सो नभएको ।
(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।
(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : सो नभएको ।
(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।
(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।
(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।
(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :**

स्थानीय वासीलाई शेयर जारी गर्दाको अवस्थामा तयार गरिएको विवरणपत्रमा प्रक्षेपण गरिएको आ.व. ७४।०७५ र लेखापरिक्षण भए पश्चात भएको वास्तविक वित्तीय विवरणमा माथि उल्लेखित विषयमा भएको फरक पर्नाका कारणहरु समेत देहाय बमोजिम रहेका छन् ।

| प्रक्षेपित आ.व. | | वास्तविक लेखापरीक्षण भएको | | **फरक पर्नुको कारण** |
|---|---|---|---|---|
| विवरण | **आ.व २०७४-७५** | **आ.व २०७४/७५** | **फरक प्रतिशत** | |
| शेयरपूजी तथा दायित्व | | | | |
| शेयर पुंजी | १,२५०,००० | १,०००,००० | -२०.००% | अषाढ अन्तिम सम्ममा सार्वजनिक निष्काशन समाप्त भई शेयर पुँजी मा समावेश गर्ने अनुमान गरिएकोमा सार्वजनिक निष्काशन सम्पन्न नभएकोले फरक पर्न गएको । |
| जगेडा कोष र संचित नाफा | | | | |
| **जम्मा** | **१,२५०,०००** | १,०००,००० | -२०.००% | |
| **मध्यम तथा दिर्घकालिन ऋण दायित्व** | | | | |
| सूरक्षित ऋण ( आवधिक) | २,७६९,२५० | २,८४९,९१६ | २.९१% | |
| असूरक्षित ऋण | ४०,६७९ | | -१००.००% | |
| **जम्मा ऋण** | २,८०९,९२९ | २,८४९,९१६ | १.४२% | |
| जम्मा दायित्व | **४,०५९,९२९** | **३,८४९,९१६** | -५.१७% | |
| सम्पत्ति | | | | |
| **स्थिर सम्पत्ति** | ३,८४०,८३४ | ११४,९६८ | -९७.०१% | आयोजना सम्पन्न हुने मिति २०७५/०१/०९ भन्ने अनुमान गरिएको तर तोकिएको समयमा आयोजना सम्पन्न नभई आयोजना सम्पन्न हुने मिति २०७५/०६/२४ रहेकोले स्थिर सम्पत्तीमा भएको फरक |
| लगानी | ५०,००० | ५०,००० | ०.००% | |
| **परियोजना विकास खर्च** | | ३,२९१,६७३ | | |
| **चालू सम्पत्ति** | | | | |
| इन्भेन्टरिज | - | - | | |
| व्यापारिक तथा अन्य प्राप्य रकम | ११४,६५८ | ११ | -९९.९९% | २०७५ अषाढ मसान्त सम्ममा आयोजना सम्पन्न गर्ने अनुमान गरिएको तर आयोजना सम्पन्न हुन ढिलाई भएकोले कम्पनीको व्यावसायिक उत्पादन नभएकोले व्यापारिक तथा अन्य प्राप्य रकम फरक पर्न गएको । |
| नगद तथा बैंक मौज्दात | ७,९९६ | ६४६ | -९१.९२% | कम्पनीको व्यावसायिक उत्पादन नभएको ल अनुमानीत नगद मौज्दात भन्दा कम भएको |

| | | | | |
|---|---|---|---|---|
| अग्रिम भूक्तानी रकम र पेश्कि | १७,५४६ | ४००,९२१ | २१८४.९७% | आयोजना सम्पन्न गर्नका लागि ठेकेदारहरु लाई अग्रिम भुक्तानी र पेश्की दिनुपर्नेमा आयोजना सम्पन्न मा ढिलाई भएकोले ठेकेदारहरु लाई अग्रिम भुक्तानी रकममा राफसाफ हुन नसकेकोले फरक पर्न गएको । |
| **जम्मा चालू सम्पत्ति** | **१४०,२०१** | **४०१,५७८** | १८६.४३% | २०७५ अषाढ मसान्त सम्ममा आयोजना सम्पन्न गर्ने अनुमान गरिएको तर आयोजना सम्पन्न हुन ढिलाई भएकोले चालु सम्पत्ती र स्थिर सम्पत्तीमा फरक पर्न गएको । |
| **चालू दायित्व** | | | | |
| व्यापारिक तथा अन्य भूक्तानी गर्नूपर्ने रकम | ४१,८२९ | १८९,९७८ | ३५४.१८% | आयोजना सम्पन्न नभएकोल ठेकेदारहरु लाई दिन'पर्ने रकममा राफसाफ हुन नसकेकोले फरक पर्न गएको । |
| **जम्मा चाल" दायित्व** | ४१,८२९ | **१८९,९७८** | ३५४.१८% | |
| **ख"द चाल' सम्पत्ति** | **९८,३७१** | **२००,६००** | १०३.९२% | |
| `संचित नोक्सान | (२०,३२३) | | | |
| पूर्व संचालन खर्चहरु | ५०,४०० | १८१६७४ | २६०.४६% | आ.व. २०७४/०७५ मा केही खर्चहरु पूँजीकृत गर्ने र केहि खर्चहरु अपलेखन गर्ने प्रक्षेपण रहेको तर आयोजना सम्पन्न गर्न ढिलाइ भएकोले उक्त खर्चहरु पूँजीकृत तथा अपलेखन नगरिएकोले फरक पर्न गएको । |
| जम्मा सम्पत्ति | **४,०५९,९२९** | **३,८४९,९१६** | -५.१७% | |

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व.२०७४/७५ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण अर्याल एण्ड अर्याल चार्टड एकाउण्टेन्टस का सि ए सुदन रेग्मीले गर्नुभएको छ र आ.व. २०७५/०७६ को लेखापरिक्षणका लागि अर्याल एण्ड अर्याल चार्टड एकाउण्टेन्टस लाई तोकिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि हात्तिसार, काठमाण्डौ स्थित श्री सिद्धार्थ बैंक लिमिटेडलाईलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ । साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण वि अर्यालय एण्ड एसोसियट्सका चाटर्ड एकाउण्टेट श्री भोजन अर्यालले प्रमाणित गर्नुभएको छ र बाह्य लेखापरिक्षक अर्याल एण्ड अर्याल चाटर्ड एकाउण्टेन्टसका सिए सुदन रेग्मीले प्रक्षेपित लेखापरिक्षणका आधार तथा तरिकाहरु ठीक छ भनी प्रमाणीत गर्नुभएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**
माउन्टेन हाइड्र नेपाल लि. अन्तर्गतको आयोजना संचालनका लागि प्राइम कमर्सियल बैंक लिमिटेडको प्रमुखत्वमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेण्ट डेभलपमेण्ट कम्पनी लिमिटेड, कैलाश विकास बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड, प्रभु बैंक लिमिटेड, जनता बैंक नेपाल लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, मेगा बैंक नेपाल लिमिटेड, सेन्चुरि कमर्शियल बैंक लिमिटेड मार्फत वित्तीय स्रोतहरुको प्रयोग गरिएको छ जसको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

| स्किृत कर्जा | स्किृत कर्जा रकम रु. | भुक्तानी अवधि | ब्याजदर | भुक्तानी तालिका | भुक्तान गरेको कर्जा रकम | हाल कायम कर्जा रकम/बाँकी कर्जा |
|---|---|---|---|---|---|---|
| आवधिक कर्जा | २,७०,००,००,००० | १२ वर्ष | ११ % | भुक्तानी तालिका तयार हुन बाँकी | भुक्तान नगरेको | २,७०,००,००,००० |
| ब्रिज ग्याप लोन | ३०,००,००,००० | ९० दिन (सार्वजनिक शेयर निष्काशन पश्चात) | १२% | सार्वजनिक शेयर निष्काशन पश्चात | उपयोग नगरेको २,६८,३८,५५४ | २७,३१,६१,४४६ |
| हायर पर्चेज लोन | १,४७,००,००० | ५ वर्ष | १२% | मासिक भुक्तानी | ५४,०४,६५८ | ९२,९५,३४२ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री सन्दिप कार्की मार्फत प्रेषित गर्न सक्नेछन् :

फोन नं.:४४२०९२४, फ्याक्स नं.:४४२०९२९, E-mail: sandeep@siddharthacapital.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन र आवश्यकता अनुसार भविष्यमा ऋणपत्र जारी गर्न सकिनेछ ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :** कुनै परिवर्तन नभएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

काठमाण्डौ १४, शिवनगर निवासी विकम शैक्षिक योग्यता हासिल गर्नु भएका श्री शिवप्रसाद सापकोटा यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीले आफ्नो जारी पूँजी रु.१,२५,००,००,०००/–(अक्षरेपी एक अर्ब पच्चिस करोड मात्र) को १०% अर्थात रु. १२,५०,०००/–(अक्षेरेपी रु वाह्र करोड पचास लाख रकम बराबरको रु.१००/– अंकित दरको १२,५०,००० कित्ता र आयोजना प्रभावित क्षेत्रबाट विक्री नभएको ५,६६,११० कित्ता शेयर गरी जम्मा १८,१६,११० कित्ता शेयर निष्काशन प्रयोजनार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत योसँग सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृयाको लागि प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतबाट पारित भयो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, ताहाचल, काठमाण्डौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण पत्र मार्फत निष्कासन गर्न लागिएको १८,१६,११० कित्ता साधारण शेयरमध्ये २% अर्थात ३६,३२२ कित्ता साधारण शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात ९०,८०६ कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषहरुमा बांडफांट गरिएको र बांकि १६,८८,९८२ कित्ता शेयरहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिनेछ ।

**(झ कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरको आवेदन फाराम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुमा दरखास्त रकम बुझाउन सकिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यबस्था :**

यस विवरणपत्र अनुसार साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **“ईक्रा एनपि आईपिओ ग्रेड ४”** प्रमाणपत्र प्राप्त गरेको छ । **“ईक्रा एनपि आईपिओ ग्रेड ४”** ले औसत भन्दा कम (Below Average Fundamental) आधारहरु जनाउँदछ ॥ इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेकोछ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजना बाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको। जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्धढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यकता कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको : कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्दै आइरहेकोले एक बर्षको अवधि पूरा गरिसकेको ।

(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७३।०९।०९ गते सम्पन्न प्रथम बार्षिक साधारण सभाबाट चार्टर्ड एकाउण्टेण्ट संस्था श्री अर्याल एण्ड अर्याल चाटर्ड एकाउण्टेण्ट्स लाई कम्पनीको लेखापरिक्षक नियुक्त गरिएको ।

(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको : यस कम्पनीले विद्युत विकास बिभागबाट पछिल्लो पटक मिति २०७०।१२।२७ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको : भैसकेको ।

(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको : यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि Voith Hydro Pvt Ltd, India बाट खरिद गरेको ।

(६) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको : यस कम्पनीको आयोजनामा संचालन भैरहेको तल्लो हेवाखोला जलविद्युत आयोजना निर्माणका लागि प्राइम कमर्सियल बैंक लिमिटेडको प्रमुखत्वमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेण्ट डेभलपमेण्ट कम्पनी लिमिटेड, कैलाश विकास बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड, प्रभु बैंक लिमिटेड, जनता बैंक नेपाल लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, मेगा बैंक नेपाल लिमिटेड, सेन्चुरि कमर्शियल बैंक लिमिटेडको संलग्नतामा फाइनान्सियल क्लोजर भैसकेको ।

(७) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको : यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग पछिल्लो पटक मिति २०७१।०४।०९ गतेका दिन विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माण कार्यहरुका लागि हिमाल हाइड्रो एण्ड जेनेरल कन्स्ट्रक्सन लिमिटेड, ललितपुर नेपाल सँग सम्झौता गरि कार्य अगाडि वढेको ।

(८) परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको : यस कम्पनीले परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको।

(९) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको : संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु १,००,००,००,०००/–(अक्षरेपी एक अर्व मात्र) शत प्रतिशत चुक्ता भैसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भैसकेको ।

(१०)सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको : यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं र सनराइज क्यापिटल लिमिटेड कमल पोखरी, काठमाण्डौं सँग सम्झौता गरी प्रत्याभुति गराएको ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि ३० दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | सिताराम तिमल्सिना | अध्यक्ष | |
| २ | सतिश तिमिल्सिना | संचालक | |
| ३ | प्रल्हाद तिमिल्सिना | संचालक | |
| ४ | पुष्प चित्रकार | संचालक | |
| ५ | कालु गुरुङ्ग | संचालक | |
| ६ | रेनुका देवी पोखरेल | संचालक | |
| ७ | दिपेन्द्र आङबु लिम्बु | संचालक | |

**ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

**Siddhartha Capital Limited**
Investing happiness

**Regd. No.: 1326/068/069, PAN: 600380326**
P.O. Box No: 21200
Narayanchaur, Naxal, Kathmandu, Nepal
Phone: +977-1-4420924/4420925
Fax: +977-1-4420929
Email-scl@siddharthacapital.com
Website: www.siddharthacapital.com

Ref: 2074/075/MB/398

मिति: २०७४/०६/२५

**श्री नेपाल धितोपत्र वोर्ड,**
जावलाखेल, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स सर्टिफिकेट बारे ।**

महोदय,
केन्द्रीय कार्यालय ताहाचल, काठमाण्डौ ठेगाना भएको श्री माउन्टेन हाइड्रो नेपाल लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/– अंकित दरको २५,००,००,००० (पच्चीस करोड मात्र ) कित्ता साधारण शेयरहरु ( आयोजना प्रभावित स्थानीय वासिन्दाको लागि जारी गरिने १२,५०,००० कित्ता र कर्मचारी तथा सर्वसाधारणको लागि जारी गरिने १२,५०,००० कित्ता शेयर समेत) को सार्वजनिक निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन मञ्जुर गर्दछौं । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धमा धितोपत्र संवन्धि ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र संवन्धि ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको रहेको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट जानकारी प्राप्त भए बमोजिम हामिले जाने बुझेसम्म तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सवै कुराहरुको अध्ययन गरेका छौ । उक्त व्यवस्थाहरु संग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट
**सिद्धार्थ क्यापिटल लिमिटेड**
**नाम** : श्री ध्रुव तिमिल्सिना

**पद** : प्रमुख कार्यकारी अधिकृत

**दस्तखत** :

**कार्यालयको छाप** : Siddhartha Capital Limited Investing happiness

Fund Manager and Depository of Siddhartha Mutual Fund Licensed by Securities Board of Nepal.

**ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

# B ARYAL & ASSOCIATES
Chartered Accountants

To the Chairman
Mountain Hydro Nepal Limited
Kathmandu, Nepal

Subject: Certification of Projected Financial Statements

Dear Sir,

You have engaged us to carry out a review of the projected financial statements of Mountain Hydro Nepal Limited (the Company) comprising of Balance Sheet, Income Statement, Cash Flow Statement and Schedules for the years ended on Ashadh end 2076, Ashadh end 2077, Ashadh end 2078, Ashadh end 2079 and Ashadh end 2080 as detailed out in '**Assumptions**'.

The accompanying projected financial statement, which comprises the balance sheet, income statement, cash flow statement and annexed schedules are derived from the

a. the audited balance sheet, audited cash flow statement and annexed schedules for the period ended Ashadh end 2073 Ashadh end 2074 and Ashadh end 2075.
b. the projected balance sheet, projected income statement, projected cash flow statement and annexed schedules for the period ended Ashadh end 2076, Ashadh end 2077, Ashadh end 2078 Ashadh end 2079 and Ashadh end 2080.

**Management's Responsibility**

Management is responsible for the preparation and fair presentation of financial statements in accordance with the Nepal Accounting Standards. This responsibility includes designing, implementing and maintaining internal control system relevant to the preparation and presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Objective of engagement**

Our engagement was undertaken in accordance with the Nepal Standards on Auditing or relevant practices applicable to agreed-upon procedures engagements and accordingly included such procedures that we considered necessary in the circumstances and included the following:

B Aryal & Associates, Kathmandu, Chartered Accountants

Our engagement was undertaken in accordance with:

- Terms of reference as specified
- Standards on Auditing on related service
- Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal.

Opinion

In our opinion, the projected financial statements of Mountain Hydro Nepal Limited for the year ended 2075-76, 2076-77, 2077-78, 2078-79 and 2079-80 are prepared, in all material respects, in accordance with the assumptions and parameters set out on ***Assumptions*** and as per applicable Generally Accepted Accounting Principles.

---------------------------

CA. Bhojan Aryal, ACA

Date: 30 December, 2018

Place: Kathmandu